# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १३३ | काठमाडौं | बिहीबार, १८ भदौ २०८३ | Prabhab National Daily | Thursday, 03 September 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


# प्रधानमन्त्रीको 'एकांकी शैली' र अभिव्यक्तिप्रति संसद्मै उठ्यो प्रश्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले बुधबारको प्रतिनिधिसभा बैठकमा सम्बोधन गर्दै रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढी, त्यसबाट भएको जनधनको क्षति तथा भइरहेको खोज, उद्धार, उपचार, राहत र नागरिकको व्यवस्थापनका विषयमा जानकारी दिए। सोही क्रममा दिएको अभिव्यक्तिलाई लिएर प्रतिपक्षी दलका नेताहरूले उनको आलोचना गरेका छन्। उनीहरूले प्रधानमन्त्री शाहको शैलीसमेत ठीक नभएको आरोप लगाए।

प्रधानमन्त्री शाहले भदौ १० गतेको भीषण बाढीका कारण भोटेकोशी-त्रिशूली नदीमा पर्ने विभिन्न जलविद्युत् आयोजनाका सुरुङहरूमा फसेकाहरूको उद्धार गर्न लगभग असम्भव भनेपछि उनको विरोध भएको हो। विभिन्न जलविद्युत् आयोजनाका सुरुङभित्र करिब ९०० जना बेपत्ता भएको आकलन छ। ती सुरुङमा अझै सरकार गम्भीर भएर उद्धारमा नलागेको आवाज चौतर्फी उठेपछि प्रधानमन्त्री शाह संसद्मा जवाफ दिन पुगेका थिए। तर उनले यसप्रकारको हिलो निकाल्ने विज्ञ संसारमै नभएको दाबी गरे।

'यो टनेलमा आएको विपत्ति विशेष किसिमको छ। पहिरो पन्छाएर उद्धार गर्ने एक्सपर्ट विश्वभरि पाइन्छ। यो पहिरो प्रभावित भएर थुनिएको टनेल होइन। बाढीसँगसँगै हिलो माटोले पूर्णरूपमा थुनिएका टनेलहरू हुन्। यससँग काम गर्न सक्ने विज्ञता कुनै देशसँग थिएन। तत्काल गर्न सक्ने टेक्नोलोजी कसैसँग छैन,' प्रधानमन्त्री शाहको दाबी थियो।

पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालले प्रधानमन्त्री शाहको दाबी सही नभएको तर्क गरे। प्रतिनिधिसभामा सम्बोधनपछि सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै दाहालले विज्ञताको विषयमा प्रधानमन्त्रीले राखेको भनाइ झूट भएको बताएका हुन्। 'उहाँले कतिपय कुरा गलत बोल्नुभयो। उपकरणको कुरा, विज्ञताको कुरा सही बोल्नुभएन,' दाहालले भने।

सरकार उद्धार कार्यमा असफल देखिएको उनको भनाइ थियो। सरकार सेना परिचालनमा सफल भए पनि जनपरिचालनमा असफल हुँदा रसुवा बाढीमा ठूलो क्षति पुगेको दाहालको दाबी थियो।

⏭ क्रमशः पृष्ठ २ मा



> यो पहिरो प्रभावित भएर थुनिएको टनेल होइन। बाढी सँगसँगै हिलो माटोले पूर्णरूपमा थुनिएका टनेलहरु हुन्। यससँग काम गर्न सक्ने विज्ञता कुनै देशसँग थिएन। तत्काले गर्न सक्ने टेक्नोलोजी कसैसँग छैन।
>
> ■ **वालेन्द्र शाह**, प्रधानमन्त्री

## संसद्मा प्रधानमन्त्रीले के-के भने ?

- संकटको यो घडीमा देशको नेतृत्वले आँसु होइन, जनतालाई हिम्मत, आड र भरोसा दिनुपर्ने यथार्थलाई स्वीकार गरी अहोरात्र खटिरहेका छौं।
- अहिले एकआपसमा बिलौना गर्ने समय होइन।
- यो पीडा रसुवा, नुवाकोट वा धादिङको मात्र होइन, यो सिंगो नेपालको छातीमा परेको साझा बज्रपात हो।
- यस घटनाले जलवायु परिवर्तनसँगै हिमालय क्षेत्रमा हामीले खेप्नुपर्ने जोखिम बढ्दै गएको गम्भीर संकेत गरेको छ।
- मानव सभ्यताले भोगेकोमध्ये यो ठूलो घटना र पूर्वअनुमानभन्दा बाहिरको कुरा हो।
- प्रभावित विद्युत् आयोजनाका सुरूङहरूमा नेपाली सेनाको नेतृत्वमा अन्तर्राष्ट्रिय विज्ञसहितको टोलीले खोज तथा उद्धार जारी राखेको छ।
- बाढीका कारण सम्पर्कविहीन हुनुभएका नागरिकको खोजी जारी रहनेछ।
- घरबारविहीन हुनुभएकाहरूका लागि तत्कालका लागि अस्थायी र दीर्घकालीन पुनःस्थापनामा सरकार लाग्ने छ।



प्रधानमन्त्रीले कतिपय कुरा गलत बोल्नुभयो। उपकरणको कुरा विज्ञताको कुरा सही बोल्नुभएन। उद्धार कार्यमा सरकार सफल छैन। सुरूमा केही तत्परता देखिए पनि पछि यो फितलो हुँदै गयो।

■ **पुष्पकमल दाहाल**
पूर्वप्रधानमन्त्री



सुरूङभित्र फसेका मानिसको उद्धारमा आयोजना र निजी क्षेत्रलाई जान नदिने, इञ्जिनियर, प्राविधिक तथा विषयविज्ञहरूको कुरा नसुन्ने, आफू एक्सन नगर्ने, अरूलाई गर्न नदिने अनि सात दिन बितिसकेपछि हात उठाएर सरकारले भन्ने- सुरूङमा आफैं खोज। यो कस्तो संवेदनशीलता र जिम्मेवारी हो ?

■ **भीष्मराज आङ्देम्बे**
नेता, प्रमुख प्रतिपक्षी दल



प्रधानमन्त्रीले भनेको कुरामा खेद प्रकट गर्न चाहन्छु। सुरूङबाट हिलो निकाल्ने मेसिन संसारभर छैन भन्नुभएको छ। यो प्रधानमन्त्रीले सरासर झूट बोल्नुभएको छ।

■ **ज्ञानेन्द्र शाही**
नेता, राप्रपा संसदीय दल

---

भोटेकोशी बाढी

# मृतकको शवसँगै बेपत्ताको संख्या बढ्दो

## एक हजार २२२ पुग्यो शव, चार हजार ८७५ बेपत्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** रसुवास्थित भोटेकोशी बाढीमा परी मृत्यु भएका र सम्पर्कविहीनको यकिन तथ्यांक हालसम्म आउन सकेको छैन। यद्यपि, शव भेटिने क्रमसँगै बेपत्ता नागरिकको संख्या पनि बढ्दै जाँदा ठूलो मानवीय क्षतिको संकेत गरेको छ।

नेपाल प्रहरीले बुधबार राति करिब ९ बजे सार्वजनिक गरेको तथ्यांकअनुसार एक हजार २२२ जनाको शव विभिन्न जिल्लामा फेला परिसकेका छन्। फेला परेका शवमध्ये ४२१ जनाको त आंशिक अंगमात्र रहेको तथा ८२ वटा नखुलेको प्रहरी प्रतिवेदनमा उल्लेख छ। यसैगरी, ४०६ वटा पुरुष, २३६ वटा महिला, ४३ बालिका र ३४ बालकका शव फेला परेका छन्।

बेपत्ताको संख्या चार हजार ८७५ पुगेको प्रहरीले उल्लेख गरेको छ। जसमा दुई हजार ९२४ जना नेपाली नागरिक हुन् भने ६०१ जना विदेशी छन्। नेपाली नागरिकमा दुई हजार ४४४ जना पुरुष र ४८० जना महिला रहेका प्रहरीले उल्लेख गरेको छ। एक हजार ३५० जना भने सम्पर्कमा नआएको भनी फोनबाट टिपाइएको प्रहरीको भनाइ छ।

बुधबारसम्म प्रहरीले ८८२ शवको जमिनमुनि व्यवस्थापन गरेको जनाएको छ। प्रहरीले डिएनए संकलन गरी पछि पहिचान गर्न सक्नेगरी शव व्यवस्थापन गरिएको जनाएको छ। त्यस क्रममा एक हजार ९२ शवको डिएनए संकलन गरिएको जनाएको छ।

बुधबारदेखि मृतकका आफन्तकोसमेत डिएनए संकलन गर्न थालिएको छ। नेपाल प्रहरी अस्पतालले भोटेकोशी बाढीमा मृत्यु भएका नेपाली र विदेशी नागरिकका शव पहिचानका लागि डिएनए 'प्रोफाइलिङ' सुरु गरेको हो।

बाढीका कारण फेला नपरी हराइरहेका नेपाली तथा विदेशी नागरिकका परिवारले डिएनए परीक्षणमार्फत फेला परेका शव तथा शरीरका अंग यकिन गर्न प्रहरी अस्पतालले उक्त प्रोफाइलिङ सुरू गरेको हो।

⏭ क्रमशः पृष्ठ २ मा

### बुधबार रातिसम्मको अपडेट

| | |
|---|---|
| फेला परेका शवको संख्या | १,२२२ |
| जमिनमुनि शव व्यवस्थापन | ८८२ |
| उद्धार गरिएको संख्या | ११,९९३ |
| घाइते संख्या | ३०१ (१९५ डिस्चार्ज) |
| सम्पर्कविहीनको संख्या | ४,८७५ |
| डिएनए संकलन | १,०९२ (मृतक), ५६३ (आफन्त) |
| होल्डिङ सेण्टरमा रहेका | ३,१२६ |
| उद्धारमा परिचालित सुरक्षाकर्मी | २१,३१४ |

*स्रोतः नेपाल प्रहरी/राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रधिकरण*

---

**सन्दर्भः वैदेशिक रोजगार**

# श्रमिक र रोजगारदातालाई एउटै प्रणालीमा जोड्ने कार्यविधि तयार




■ **ममता थापा**

**काठमाडौं–** सरकारले रोजगारी खोज्ने श्रमिक, रोजगारदाता तथा श्रम प्रशासनलाई एउटै डिजिटल प्रणालीमा जोड्ने उद्देश्यले 'श्रम संसार प्रणालीसम्बन्धी कार्यविधि, २०८३' तयार गरेको छ। युवा, श्रम तथा रोजगार मन्त्रालयले तयार पारेको यस कार्यविधिले आन्तरिक रोजगारी व्यवस्थापनका साथै वैदेशिक रोजगारीको सूचना, श्रमिकको विवरण, सीप तथा रोजगारीको अवसरलाई व्यवस्थित गर्ने जनाइएको छ।


'श्रम संसार' एकीकृत डिजिटल प्लेटफर्मका रूपमा सञ्चालन हुने कार्यविधिमा उल्लेख गरिएको छ। यस प्रणालीमार्फत श्रमिकको विवरण संकलन, रोजगारीका अवसरको सूचना, जब म्याचिङ, जब रिफरल तथा श्रमबजारसम्बन्धी तथ्यांक व्यवस्थापन गर्ने लक्ष्य राखिएको छ। प्रणालीलाई सरकारी बेवसाइटमार्फत सञ्चालन गर्ने मन्त्रालयले जानकारी दिएको छ।

नेपालबाट प्रत्येक वर्ष सातदेखि आठ लाख युवा वैदेशिक रोजगारीमा जाँदै आएका छन्। यस्तो अवस्थामा नयाँ प्रणालीले स्वदेशी र विदेशी श्रमबजारलाई व्यवस्थित गर्ने मन्त्रालयको अपेक्षा छ। कार्यविधिमा श्रमबजारको सूचना, रोजगारीको माग र श्रमिकको सीप तथा योग्यतालाई डिजिटल माध्यमबाट एकीकृत गरी 'जब म्याचिङ' गरिने बताइएको छ।

कार्यविधिका अनुसार श्रमिकको व्यक्तिगत तथा व्यावसायिक विवरण, सीप, योग्यता र अनुभवसम्बन्धी सूचना प्रणालीमा राखिने छ। त्यसपछि रोजगारदाता र रोजगार खोज्ने व्यक्तिलाई एउटै प्लेटफर्ममार्फत जोडेर रोजगारी मिलान गरिने भनिएको छ। कार्यविधिले 'एकीकृत डिजिटल प्लेटफर्म' मार्फत श्रमबजारका सरोकारवालालाई जोड्ने र जब म्याच गर्ने लक्ष्य राखेको छ।

⏭ क्रमशः पृष्ठ २ मा

# एकाधिकारविरूद्ध संघ कार्यसमितिको साझा संकल्प




**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसिया रोजगारीमा देखिएको एकाधिकार (सिण्डिकेट) विरुद्ध संघ कार्यसमितिको एकीकृत संकल्प सार्वजनिक गरेको छ।

संघका अध्यक्ष, पदाधिकारी तथा कार्यसमिति सदस्य गरी २१ जना प्रतिनिधिले हस्ताक्षर गर्दै वैदेशिक रोजगारीमा हुने कुनै पनि एकाधिकार वा अनुचित मिलोमतोमा कुनै पनि रूपमा संलग्न नहुने संकल्प गरेका छन्।

हस्ताक्षरकर्ताले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिण्डिकेट वा कार्टेलिङ जस्ता गतिविधिमा आफ्नो संस्था आबद्ध नहुने र अरुलाई पनि यस्ता गतिविधिमा लाग्न नदिने प्रतिवद्धता जनाएका छन्। कुनै पनि आर्थिक प्रलोभन, व्यक्तिगत लाभ, दबाब वा धम्कीका कारण आफ्नो प्रतिबद्धताबाट पछि नहट्ने पनि संकल्प गरिएको छ। मलेसियामा श्रमिक पठाउने पाउने भनेर सूचीकृत भएका व्यवसायीले...

⏭ क्रमशः पृष्ठ २ मा


## 'पीडामा साथ दिनु नै मानवता हो'

आउनुहोस्, भोटेकोशी बाढीप्रभावितको राहत र पुनःस्थापनाका लागि सक्दो सहयोग गरौं !

### प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष

| बैंकको नाम | बैंक खाता नम्बर |
|---|---|
| हिमालयन बैंक लिमिटेड ($ डलर खाता) | 01905631210046 |
| स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. | 01013243801<br>02013243801 |
| राष्ट्रिय वाणिज्य बैंक | 1130100003762001<br>1130100000006006 |
| एभरेस्ट बैंक लिमिटेड | 00100105200270<br>00101102200012 |
| नेपाल बैंक लिमिटेड | 00211600510039000003<br>00200100510039000001 |
| ग्लोबल आइएमई बैंक लि. | 00401010000057<br>00411010000005 |
| नबिल बैंक | 1710017505285 |
| कृषि विकास बैंक लि. | 0100201002907014 |
| **प्रधानमन्त्री राहत कोष** | |
| राष्ट्रिय वाणिज्य कोष | 1430100000025006<br>1430100001164001 |

विपद्मा राज्यसँगै हामी

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

# प्रधानमन्त्रीको...

'उद्धार कार्यमा सरकार सफल छैन । सुरुमा केही तत्परता देखिए पनि पछि यो फितलो हुँदै गयो । समग्रमा उद्धार कार्य मूलभूतरूपमा सफल हुन सकेन । देशले नेतृत्व खोजेको छैन, हरेक ठाउँमा सरकारको उपस्थिति खोजेको छ । सोसल मिडियामा पोस्ट गरेर तपाईंहरूले चुनाव त जित्नुभयो, यो संकट समाधान हुँदैन,' संयोजक दाहालले भने ।

उनले प्रधानमन्त्री शाहको आफ्नो कुरा भन्ने तर अरुको नसुन्ने शैलीप्रति असन्तुष्टि पोखे । प्रधानमन्त्री शाह सदनमा आफ्नो भनाइ राखेपछि कसैको सम्बोधन नसुनी बाहिरिएका थिए । यसप्रति असन्तुष्टि पोख्दै दाहालले भने, 'सरकारको मुख्य नेतृत्व जिम्मेवार र संवेदनशील हुनुपर्ने हो । आज आउनुभयो, केही ब्रिफिङ गर्नुभयो, यस अर्थमा त उहाँलाई धन्यवाद नै भन्न चाहन्छु । तर उहाँले अरूलाई पनि विश्वासमा लिनुपर्छ र अरूका अनुभव पनि महत्त्वपूर्ण हुन्छ भन्नेतिर उहाँको ध्यान गएन । कार्यशैलीले के देखाउँछ भने आफ्नै दलका सांसदलाई विश्वासमा लिने मिहेनत गरेको मैले देख्दिनँ, उहाँ आउनुहुन्छ कसैको अनुहार नहेरी जानुहुन्छ, यो के तरिका हो ? हामी तपाईंलाई सहयोग गर्छौं भनिरहेका छौं, कसैको पनि अनुहार हेर्न नपर्ने के हो यो तरिका ? यसरी त हुँदैन ।'

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले पनि उद्धारको विषयमा प्रधानमन्त्री शाहले झूट बोलेको तर्क गरे । 'प्रधानमन्त्रीले भनेको कुरामा खेद प्रकट गर्न चाहन्छु । सुरुङबाट हिलो निकाल्ने मेसिन संसारभर छैन भन्नुभएको छ । यो प्रधानमन्त्रीले सरासर झूट बोल्नुभएको छ,' शाहीले भने ।

नेकपा एमाले संसदीय दलका नेता रामबहादुर थापाले शाहको शासनशैली सुधार्न आग्रह गरे । 'राज्यको प्रमुख नेतृत्व प्रधानमन्त्रीले एकांकी शासन शैलीमा गुणात्मक परिवर्तन गर्नुपर्छ । संसद्प्रति उत्तरदायी हुनुपर्छ,' थापाले भने । उनले प्रधानमन्त्री शाहलाई सात सुझावसमेत दिन भ्याए ।

राष्ट्रिय सहमति र सामूहिक पहलबाट मात्रै विद्यमान प्राकृतिक विपत्तिपछिको संकटको सामना गर्न सकिने उनले बताए । थापाले अन्तर्राष्ट्रिय सहयोग र समन्वय गर्न परराष्ट्रमन्त्रीको नेतृत्वमा विशेष कार्यदल, युद्धस्तरमा उद्धार र राहत कार्यका लागि रक्षामन्त्रीको नेतृत्वमा एकीकृत विशेष कार्यदल र क्षतिको समग्र मूल्यांकन र पुनः निर्माणका लागि अर्थमन्त्रीको नेतृत्वमा विशेष कार्यदल गठन गर्न सुझाव दिए । थापाले जलवायु संकटले नेपालले खेपिरहेका समस्याबारे सगरमाथा संवादको दोस्रो संस्करणलाई आयोजना गर्न पनि आग्रह गरे ।

प्रमुख प्रतिपक्षी दलका नेता भीष्मराज आङ्देम्बेले अहिलेको अवस्थामा सबै दल एक हुनुपर्ने बताए । यद्यपि, सरकारले हात उठाएर नागरिक आतंकित भने पार्न नहुने उनको भनाइ छ । 'सुरुङभित्र फसेका मानिसको उद्धारमा आयोजना र निजी क्षेत्रलाई जान नदिने, इन्जिनियर, प्राविधिक तथा विषयविज्ञहरूको कुरा नसुन्ने, आफू एक्सन नगर्ने, अरुलाई गर्न नदिने अनि सात दिन बितिसकेपछि हात उठाएर सरकारले भन्ने- सुरुङमा आफैं खोज । यो कस्तो संवेदनशीलता र जिम्मेवारी हो ?,' आङ्देम्बेले प्रश्न गरे, 'यो असंवेदनशीलता त ढिलाइका कारण ती सुरुङभित्र भएको मृत्यु हो कि हत्या सभामुख महोदय ?'

बारम्बार ध्यानाकर्षण गराउँदा पनि सरकार चुकेको उनको दाबी रहृयो । 'यसको जिम्मा सरकारले लिनुपर्छ । यो मैले भनेको होइन सभामुख महोदय; आफन्त खोजेका परिवारले भनेका थिए तर उनीहरूमाथि गालीगलौज, धम्की र अपशब्द प्रयोग भए,' नेता आङ्देम्बेले भने, 'म सरकार र सत्तासीन साथीलाई सोध्न चाहन्छु- संकटमा परेको नागरिकको आवाज सुन्ने कि दबाउने ? नागरिकलाई आश्वस्त पार्ने कि थप आतंकित बनाउने ?'

आङ्देम्बेले सरकार सामाजिक सञ्जालमा अल्झिएको आरोप लगाए । यद्यपि अहिले एकले अर्कोलाई दोष लगाउने समय नभएको उनको भनाइ थियो । 'यो प्रचार गर्ने समय होइन । प्राण बचाउने समय हो । यो दोषारोपण गर्ने समय होइन । जिम्मेवारी पूरा गर्ने समय हो । यो राजनीतिक संख्या खोज्ने समय होइन । राष्ट्र एक भएर नागरिकको जीवन जोगाउने समय हो,' आङ्देम्बेले भने ।

अहिले सरकारको साथमा भए पनि सबै विषयमा माफी भने दिन नसकिने उनको तर्क थियो । 'विपद्मा सरकारको साथमा छौं भन्नुको अर्थ सरकारले गरेका सबै विषयमा माफ भन्ने होइन । राम्रो काम गर्छ साथ समर्थन छ, बाटो बिराउँछ खबरदारी र प्रश्न छ । खास सहयोग यही होइन र ?,' उनले प्रश्न गरे ।

■ ■ ■

# मृतकको शवसँगै ...

प्रहरी अस्पतालमा बुधबार साँझ ५:०० बजेसम्म सम्पर्कविहीन भएका परिवारका ५६३ वटा डिएनए प्रोफाइलिङका लागि नमूना संकलन गरिएको जानकारी दिइएको छ । प्रहरी अस्पतालका प्रवक्ता रामेश्वर अधिकारीका अनुसार सम्पर्कविहीन आफन्त आफ्नो परिचय खुल्ने कुनै पनि कागजात र दुईप्रति फोटो लिएर अस्पताल आएर आफ्नो नमूना दिन सक्ने छन् । उनीहरूले अस्पतालमा उपलब्ध फाराम भर्नुपर्ने छ । त्यसपछि विशेषज्ञ प्राविधिक टोलीबाट नमूना संकलन गर्ने छ । संकलित नमूना नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशाला र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानमा पठाइने छ ।

फेला परेका शव वा शरीरका अंगको डिएनए परीक्षणमार्फत पहिचान गर्न नजिकको रगतको नाता बाबु, आमा, छोरा वा छोरीमध्ये कुनै एक जनाको रगतको नमूना आवश्यक पर्ने प्रहरीले जनाएको छ । हराइरहेका विदेशी नागरिकको हकमा उक्त व्यक्तिको विदेशमै रहेका बाबु, आमा, छोरा वा छोरीमध्ये कुनै एक जनाले विदेशमा नै डिएनए प्रोफाइलिङ गरी तुलनाका लागि डिएनए प्रोफाइलको 'सफ्ट'कपी प्रहरीको आधिकारिक इमेलमा पठाउन सक्ने छन् । प्रहरीका अनुसार पहिचान नभएका ९५३ शवको तस्बिरसहितको विवरण वेबसाइटमा अपलोड गरिएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बुधबारसम्म ११ हजार ९९३ जनाको उद्धार गरिएको छ । बाढीप्रभावित क्षेत्रमा २१ हजार ३१४ सुरक्षाकर्मी परिचालन गरिएको छ । बाढीका कारण घरबारविहीन भएका तीन हजार ४५३ नागरिक नुवाकोट, धादिङ, रसुवा र काठमाडौंका 'होल्डिङ सेन्टर'मा रहेको प्राधिकरणले जनाएको छ ।

■ ■ ■

# श्रमिक र रोजगारदातालाइ...

नेपालमा श्रमबजारको व्यवस्थित सूचना नहुँदा युवाहरूले रोजगारी नपाउने र रोजगारदाताले श्रमिक नपाउने समस्या देखिँदै आएको छ । युवाहरू नेपालमा रोजगारी नहुँदा विदेश जान बाध्य भएको बताउने गरिन्छ । श्रमिकको सीप र रोजगारदाताको मागलाई मिलाउन सके वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता केही हदसम्म कम हुने सरोकारवालाहरूको भनाइ छ । कार्यविधिले प्रणालीमा एउटै व्यक्तिको विवरण दोहोरिन नदिन 'डुप्लिकेट डिटेक्सन' र 'रिजेक्सन'को व्यवस्था पनि गरेको छ । साथै, प्रयोगकर्ताको पहिचानका लागि आइडी र पासवर्ड तथा ओटिपीजस्ता व्यवस्था गरिने भनिएको छ ।

मुलुकमा हाल वैदेशिक तथा आन्तरिक रोजगारीसम्बन्धी विभिन्न निकायसँग छुट्टाछुट्टै तथ्यांक हुँदा नीति निर्माणलगायतमा समस्या हुँदै आएको श्रम मन्त्रालयले बताउँदै आएको थियो । अब भने यो प्रणालीमार्फत श्रमिकको तथ्यांक व्यवस्थित हुने मन्त्रालयको भनाइ छ ।

नेपालबाट वैदेशिक रोजगार क्षेत्रमा श्रमिकको सीपभन्दा गन्तव्य मुलुकको मागका आधारमा श्रमिक जाँदै आएका छन् । यस्तो अवस्थामा श्रमबजारको विश्लेषण गरेर वैदेशिक रोजगारीमा जाने श्रमिकलाई आवश्यक सीप, तालिमलाई पनि तथ्यांकमा आधारित बनाउन सहयोग पुग्ने भनिएको छ ।

'श्रम संसार'मा श्रमिकको व्यक्तिगत विवरण, सीप, अनुभव तथा रोजगारीसम्बन्धी सूचना डिजिटल प्रणालीमा राखिने भएकाले डेटा सुरक्षालाई पनि कार्यविधिले प्राथमिकता दिएको छ । कार्यविधिमा डिजिटल ड्यासबोर्डमार्फत श्रमबजारसम्बन्धी विभिन्न तथ्यांक व्यवस्थापन गर्ने भनिएको छ । प्रणालीबाट 'नियर टाइम डेटा पब्लिस' गरेर आवश्यक सूचना लिन सकिने अवधारणासमेत राखिएको छ । डिजिटल पहुँच र साक्षरता काम भएका तथा ग्रामीण क्षेत्रका नागरिकलाई प्रणालीमा कसरी जोड्ने भन्नेमा विषय भने कार्यविधिमा छैन ।

■ ■ ■

# एकाधिकारविरूद्ध...

अन्य व्यवसायीलाई प्रभावमा पार्ने प्रयास गरेको विषयलाई संघले गम्भीरतापूर्वक लिएको संकल्पपत्रमा उल्लेख गरिएको छ । व्यवसायीबीचको एकता कमजोर पार्ने र संघप्रति अविश्वास जगाउने प्रयास भएकाले यस्तो प्रयास सिण्डिकेटधारीले नै गराएको संघको ठहर छ । संघले सम्पूर्ण व्यवसायीलाई व्यावसायिक एकता, समान अवसर र स्वस्थ प्रतिस्पर्धाको पक्षमा दृढतापूर्वक उभिन आह्वानसमेत गरेको छ ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/१०/२१ मा दर्ता कायम भएको **एन्भि इनर्जी प्रा.लि. (प्रा.लि.नं. १४४८६२/०७२/०७३)** लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/१५ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

## कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०७६/०५/०५ गते **किरोज फेशन् प्रा.लि.** को नामबाट दर्ता भएको प्रा.लि.नं. २२२०५७ कम्पनीको मिति २०८३/०५/१७ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रुपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : तिर्थ राज कठायत (इजाजत पत्र.नं. ६३१)**
बबरमहल, काठमाडौं । सम्पर्कः ९८४००५३८७४

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**तेश्रो पटक सूचना प्रकाशित मिति २०८३/०५/१८**

यस सा.व.उ.स. बाट आर्थिक वर्ष २०८१/०८२ मा महाकाली सिचाई आयोजना को तेस्रो चरणको कु काठ सिसौ सिमल अमला गजिन्नादो भेल्लर र अन्य गोलिया काठ जम्मा थान २३२ को परिमाण ११७७.७१ क्यूफिट जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी प्रचलित कानुन अनुसार बिक्री गर्नुपर्ने भएकाले सम्बन्धित सबैमा ७ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि कार्यालय समयमा यस सा.व.उ.स.मा सम्पर्क गर्न अनुरोध छ ।

**श्री ग्वासी समैजी सामुदायिक वन उपभोक्ता समूह**
**कृष्णपुर न.पा.-४ कञ्चनुपर**

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालय
### कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयको मिति २०६४/१०/०७ मा दर्ता भएको कम्पनी **मिन्डु इन्टरप्राइजेज प्रा.लि. प्रा. लि. नं. ५११९३/२०६४/०६५)** नामक कम्पनी दर्ता खारेजी गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीसँग कसैको दिन, दिन, तिर्नु बुझाउनु पर्ने दायित्व भए सप्रमाण हक दावीका लागि ३५ दिनभित्र सम्बन्धित कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा दर्ता नियमानुसार खारेज गरिने छ ।

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालय
### कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयको मिति २०६५/०५/१२ मा दर्ता भएको कम्पनी **टि.डि.एस. इन्टरनेशनल कन्सल्टेन्सी प्रा.लि. प्रा. लि. नं. ५५६८९/२०६५/०६६)** नामक कम्पनी दर्ता खारेजी गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीसँग कसैको दिन, दिन, तिर्नु बुझाउनु पर्ने दायित्व भए सप्रमाण हक दावीका लागि ३५ दिनभित्र सम्बन्धित कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा दर्ता नियमानुसार खारेज गरिने छ ।

## दावी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभाग काठमाडौंको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१८**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था श्री **Secure Nepal Job Placement Pvt. Ltd. (ई.प.नं. १६४८/०८०/०८१) ले यस विभाग समक्ष सुनसरी जिल्ला इटहरी नगरपालिका ०६ मा शाखा कार्यालय खोली संचालन गर्दै आएकोमा उक्त शाखा कार्यालयहरु रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा** लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०५/१७ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## देउराली डाँडाकटेरी खनदह रतनमारे हंसपुर दोबाटा प्यूठान मोटरबाटो निर्माण र स्तरोन्नतिको लागि प्रारम्भिक वातावरणीय परीक्षण गरिने सम्बन्धी सार्वजनिक

**(प्रकाशन मितिः २०८३/०५/१८)**

लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला स्थित मालारानी गाउँपालिका वडा नं १, २, ३, ६ र ८ मा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | मालारानी गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>खनदह, अर्घाखाँची<br>फोन नंः ९८५७०६६४३२<br>ईमेलः malaraniruralmun@gmail.com |
| **प्रस्तावको व्यहोरा** | लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, मालारानी गा.पा., वडा नं.१, २, ३, ६ र ८ मा पर्ने देउराली डाँडाकटेरी खनदह रतनमारे हंसपुर दोबाटा प्यूठान मोटरबाटो निर्माण र स्तरौन्नती गरिने । |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा.** | लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, मालारानी गा.पा, वडा नं. १, २, ३, ६ र ८ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के-कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न मालारानी गाउँपालिका वडा नं१, २, ३, ६ र ८ भित्रका विद्यालय, अस्पताल, सामुदायिक वन स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | मालारानी गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>खनदह, अर्घाखाँची<br>फोन नं.: ९८५७०६६४३२<br>ईमेलः malaraniruralmun@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | डिलिजेन्स कन्सल्टिंग प्रा. लि.<br>ठेगानाः बाल्कोट, भक्तपुर<br>मोबाइल नं.: +९७७-९८५११८२४७२<br>इमेलः deligenceconsult99@gmail.com |

## प्रभु बैंक लिमिटेड शाखा कार्यालय मन्थली, रामेछापका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०५/१८ गते बिहिबारको प्रभाव राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धित शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, मन्थली, रामेछाप**मा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०६/२९ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय मन्थली, रामेछाप**मा दिनको ठीक १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिमअसुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **१. ऋणी :** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, भक्तपुरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत मिति २०७६/०२/१६, मा प्रा.फ.र.नं १४७९२८/०७५/७६ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व भक्तपुरबाट मिति २०७६/०२/२१ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१०७४६०६० को प्रमाणपत्र प्राप्त **आश्वत फेन्सी स्टोर** ।<br>ठेगाना : भक्तपुर जिल्ला मध्यपुर थिमि न.पा. वडा नं १३, ठिमी । | प्रोपाईटर : रमिला पोखरेल (ना.प्र.नं. १६६७७, जारी मिति २०६२/०३/०५, जारी गर्ने कार्यालय जि.प्र.का. काठमाडौं) ।<br>ठेगाना : का.जि. काठमाडौं म.न.पा. वडा नं. ३२, (साविक का.म.न.पा. वडा नं. ३५) ।<br>बाबु : कान्छा प्रसाद पोखरेल ।<br>पति : विजय अधिकारी ।<br>ससुरा : भोजराज अधिकारी । |
| **जमानतकर्ता : भोजराज अधिकारी** (ना.प्र.नं. १२१७९, जारी मिति २०४४/०२/२८, जारी गर्ने कार्यालय जि.प्र.का.रामेछाप)<br>ठेगाना : रामेछाप जिल्ला मन्थली न.पा. वडा नं. २ (साविक कठजोर गा.वि.स वडा नं. ७) ।<br>बाबु : पूर्ण चन्द्र अधिकारी ।<br>बाबु : चिरन्जीवी अधिकारी । | **जमानतकर्ता : विजय अधिकारी** (ना.प्र.नं. ५५८७९, जारी मिति २०५९/०६/१५, जारी गर्ने कार्यालय जि.प्र.का. रामेछाप)<br>ठेगाना : रामेछाप जिल्ला मन्थली न.पा. वडा नं. २ (साविक कठजोर गा.वि.स वडा नं. ६) ।<br>बाबु : भोजराज अधिकारी ।<br>बाजे : पूर्ण चन्द्र अधिकारी । |

**ख.लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**
१. **भोजराज अधिकारी**को नाममा मालपोत कार्यालय मन्थली, रामेछापमा दर्ता श्रेष्ता कायम रहेको रामेछाप जिल्ला कठजोर गा.वि.स. वडा नं. ८, नक्सा सिट न. ८ग, स्थित कित्ता नं. १२३ क्षेत्रफल १-२-३-२ (रोपनी) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ....१
२. ऋणी **आश्वत फेन्सी स्टोर**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ........१

| | |
|---|---|
| **२. ऋणी** : प्रदेश सरकार उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति रामेछापमा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ अर्न्तगत मिति २०६८/०८/११ मा प्रा.फ.र.नं. : ३३४/०६८/०६९ दर्ता भई आन्तरिक राजश्व कार्यालय, धुलिखेलबाट मिति २०७६/०१/०२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१०५३१५४५ को प्रमाणपत्र प्राप्त **किराना फलफूल पसल** ।<br>ठेगाना : जिल्ला रामेछाप, मन्थली न.पा. वडा नं. १ | **प्रोपाईटर : खड्ग कुमारी कार्की** (ना.प्र.नं. ४५९७८, जारी मिति २०५७/०५/०७, जारी गर्ने कार्यालय जि.प्र.का. .रामेछाप) ।<br>ठेगाना : जिल्ला रामेछाप, रामेछाप न.पा. वडा नं. ७ (साविक सुकाजोर गा.वि.स. वडा नं.९) ।<br>बाबु : हर्क बहादुर थापा ।<br>पति : जगत बहादुर कार्की ।<br>ससुरा : दिप बहादुर कार्की । |
| **जमानतकर्ता : राज कुमार कार्की** (ना.प्र.नं. २११०१३/२२५६४, जारी मिति २०६८/०१/२५, जारी गर्ने कार्यालय जि.प्र.का.रामेछाप)<br>ठेगाना : जिल्ला रामेछाप, रामेछाप न.पा. वडा नं. ७ (साविक सुकाजोर गा.वि.स. वडा नं.९) ।<br>बाबु : जगत बहादुर कार्की । बाजे : दिप बहादुर कार्की । | **जमानतकर्ता : तिर्थ बहादुर कार्की** (ना.प्र.नं. २११०१३/१०१५२, जारी मिति २०६६/०१/१०, जारी गर्ने कार्यालय जि.प्र.का.रामेछाप) ।<br>ठेगाना : जिल्ला रामेछाप, रामेछाप न.पा. वडा नं. ७<br>बाबु : जगत बहादुर कार्की ।<br>बाजे : दिप बहादुर कार्की । |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**
१. **राज कुमार कार्की**को नाममा मालपोत कार्यालय मन्थली रामेछापमा दर्ता श्रेष्ता कायम रहेको रामेछाप जिल्ला सुकाजोर गा.वि.स. वडा नं.६ नक्सा सिट न. ६ग, स्थित कित्ता नं. २१६ क्षेत्रफल १-८-०-० (रोपनी) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...............१
२. **तिर्थ बहादुर कार्की**को नाममा मालपोत कार्यालय मन्थली रामेछापमा दर्ता श्रेष्ता कायम रहेको रामेछाप जिल्ला सुकाजोर गा.वि.स. वडा नं.६ नक्सा सिट न.६ ग स्थित कित्ता नं. २११ क्षेत्रफल २-८-०-० (रोपनी) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ............१
३. ऋणी **किराना फलफूल पसल**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .......................१

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय मन्थली रामेछाप**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा र शाखा कार्यालय मन्थली, रामेछाप**मा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

## युएइमा रोजगार

कम्पनी : RAMLAT AL BATIN GENERAL CLEANING @ MAINTENANCE- LLC
पूर्व स्वीकृति मिति : २०८३/०४/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१७ | LT. No. 345813 | चलानी नं. ६०२५९०९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A CLEANER | 40 | 10 | 1000 | ४१,४२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAMLAT AL BATIN GENERAL CLEANING @ MAINTENANCE- LLC
पूर्व स्वीकृति मिति : २०८२/१०/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१७ | LT. No. 339485 | चलानी नं. ६०२५२९४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 45 | 0 | 1000 | ४१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners | 56 | 0 | 1000 | ४१,४२० | | | | | | | |
| 3 | Telephone Cable Installation Assistant/ Helper | 5 | 0 | 1000 | ४१,४२० | | | | | | | |

कम्पनी : MAHARAT FACILITIES MANAGEMENT SERVICES L.L.C-S.P.C
पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१७ | LT. No. 347464 | चलानी नं. ६०२६०६३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Painter | 3 | 0 | 1500 | ६२०९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Cleaners | 3 | 0 | 1000 | ४१,३९४ | | | | | | | |
| 3 | STEEL FIXER / BLACKSMITH | 3 | 0 | 1500 | ६२०९१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २५ गते (10th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

## मलेसियामा रोजगार

कम्पनी : U-TEKNIK TRADING SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८३/०४/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१७ | LT. No. 345499 | चलानी नं. ६०२५८७७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL / PRODUCTION OPERATOR | 8 | 0 | 1700 | ६३९०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २५ गते (10th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४५५/०७४/०७५
B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.
Dhapasi-9, Basundhara Tole, Kathmandu. Tel: +997-1-4356889,
Email id : admin@topsglobal.com., sanconresources@yahoo.com

## कतारमा रोजगार

कम्पनी : ALMEERA BEAUTY SALON
पूर्व स्वीकृति मिति : २०८२/११/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१७ | LT. No. 339597 | चलानी नं. ६०२५२९७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 2 | 0 | 3900 | १६२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1800 | ७५,१२० | | | | | | | |
| 3 | Hair Beautician | 0 | 4 | 1800 | ७५,१२० | | | | | | | |
| 4 | Beautician | 0 | 3 | 1800 | ७५,१२० | | | | | | | |
| 5 | Manicurist | 0 | 4 | 1800 | ७५,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २५ गते (10th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Sanjiv Sah 9801067993, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068





**त्रिशूलीमा तुइन** | यही भदौ १० गते रसुवाको भोटेकोशीमा गएको बाढीले त्रिशूली नदीमा निर्मित पक्की पुल बगाएपछि नुवाकोटको बट्टारस्थित सिमुटार इन्द्रेणीघाटमा जडान गरिएको अस्थायी तुइन र सोही तुइनमार्फत एक जना बिरामी वृद्धालाई त्रिशूली गुम्बाबाट अस्पताल लगिँदै । यहाँ मंगलबारदेखि तुइन जडान गरिएसँगै त्रिशूली वारि र पारि टुटेको यातायात सम्पर्क यसै तुइनमार्फत पुनः जोडिएको छ । *तस्बिरः रासस*

# काठमाडौं-हेटौंडा जोड्ने वैकल्पिक मार्गको नयाँ रूट

**काठमाडौं (प्रस)–** त्रिशूली नदीको कटानका कारण पृथ्वी राजमार्गमा सवारी आवागमन प्रभावित भएपछि काठमाडौं-हेटौंडा जोड्ने वैकल्पिक मार्गको नयाँ रुट तथा कार्यतालिका सार्वजनिक गरिएको छ ।

वर्षाद्को समय र सडकको अवस्थालाई ध्यानमा राख्दै काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय मकवानपुरको समन्वयमा वैकल्पिक रुट निर्धारण गरिएको हो ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार काठमाडौंबाट हेटौंडाका लागि छुट्ने साना सवारीका लागि फर्पिङ-फाखेल-कुलेखानी-भीमफेदीको रुट कायम गरिएको छ ।

त्यस्तै, हेटौंडाबाट काठमाडौं छुट्ने साना सवारी भीमफेदी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली हुँदै काठमाडौं प्रवेश गर्ने छन् । ठूला तथा मालवाहक सवारी काठमाडौंबाट चापागाउँ-भट्टेडाँडा-ठिंगन हुँदै हेटौंडा पुग्ने छन् । उक्त रुट प्रयोग गर्ने सवारीले साँझ ६:०० बजेभित्र ठिंगन चेकपोस्ट पार गरिसक्नुपर्ने व्यवस्था गरिएको छ ।

हेटौंडाबाट छुट्ने ठूला तथा मालवाहक सवारीका लागि भैँसे-पालुङ-टिस्टुङ-नौबिसे हुँदै काठमाडौं आउने व्यवस्था मिलाइएको ट्राफिक प्रहरीले जनाएको छ । मकवानपुरको त्रिखण्डी नजिकको बेलिब्रिजको भारवहन क्षमता कमजोर रहेकाले इन्धन बोकेका ट्यांकर तथा भारी मालवाहक सवारीलाई उक्त पुल प्रयोग नगर्न ट्राफिक प्रहरीले आग्रह गरेको छ । भारी मालवाहक सवारीका लागि बेलिब्रिजको छेउमै रहेको डाइभर्सन प्रयोग गर्न निर्देशन दिइएको प्रवक्ता सुवेदीले जानकारी दिए ।

भोटेकोशी बाढी

# कुशको शव बनाएर आर्यघाटमा सामूहिक अन्त्येष्टि



■ **विमलबहादुर विष्ट**

**काठमाडौं–** यही भदौ १० गते रसुवास्थित भोटेकोशी नदीमा गएको विनाशकारी बाढीमा परी बेपत्ता भएका व्यक्ति जीवित भेटिने आशा टरेपछि उनीहरूका आफन्तले कुशको शव बनाएर अन्तिम संस्कार गरेका छन् । बेपत्ता भएका व्यक्तिका परिवारजनले हिन्दू परम्पराअनुसार कुशको शवको प्रतीक बनाएर सामूहिक अन्त्येष्टि गरेका हुन् ।

बाढी गएको लामो समय बितिसक्दा पनि आफन्तको अवस्था पत्ता लाग्न नसकेपछि परिवारजनले अन्तिम संस्कारका लागि कुशबाट शवको प्रतीक बनाएका हुन् । बुधबार पशुपतिस्थित आर्यघाटमा दर्जनौं कुशका शवको प्रतीक बनाएर सामूहिक अन्त्येष्टि गरिएको छ ।

आर्यघाटमा एकैपटक दर्जनौं संख्यामा बेपत्ताका परिवारजन भेला भएपछि दिनभरजसो बाक्लो भीड लागेको थियो । बाढीमा आफन्त गुमाएका परिवारजनका लागि पछिल्ला दिनहरू पीडादायी भएका छन् । पशुपतिस्थित शव दर्ता कार्यालयका कर्मचारी अनिश संगतका अनुसार बुधबारमात्रै आर्यघाटमा कम्तीमा १०० भन्दा बढी कुशबाट बनाइएका शवका प्रतीकको सामूहिक अन्त्येष्टि गरिएको छ ।

'कुशका शवको हामीले छुट्टै रेकर्ड राख्ने गरेका छैनौं, तर आज (बुधबार) कम्तीमा पनि १०० भन्दा बढी प्रतीकको शव जलाइएको थियो,' उनले भने । बाढीमा परी आफन्त बेपत्ता भएको लामो समय बितिसक्दा पनि खोजीका क्रममा कुनै जानकारी प्राप्त नभएपछि परिवारजनले अन्तिम संस्कार गर्न बाध्य भएको बताएका छन् । आफन्त फर्केर आउने आशामा दिनरात पर्खिरहेका परिवारले अन्ततः धार्मिक संस्कार पूरा गरेर मनलाई केही शान्त पार्ने प्रयास गरेका हुन् ।

नुवाकोटका बबिन रिजालका अनुसार भोटेकोशी बाढीमा उनका आमा र बुवा नाथ रिजाल र विनिता रिजाल बेपत्ता छन् । बाढीमा बगेको लामो समय बितिसक्दा पनि बुवा, आमाको अवस्था पत्ता लाग्न नसकेपछि बुधबार पशुपति आर्यघाटमा कुशबाट शवको प्रतीक बनाएर अन्त्येष्टि गरिएको उनले बताए ।

'बाढीमा परी मेरा आमा र बुवा बेपत्ता हुनुभएको छ । अब जीवितै भेटिने आशा मरिसकेकाले आज कुशका शव बनाएर पशुपतिमा अन्त्येष्टि गरेका छौं,' उनले भने । बेपत्ताको शव फेला नपरेपछि परिवारजनले धार्मिक संस्कारअनुसार अन्तिम कर्म गर्नुलाई पीडाका बीचमा आफन्तप्रतिको अन्तिम श्रद्धाञ्जलिका रूपमा लिएका छन् । आर्यघाटमा कुशबाट तयार पारिएका प्रतीकात्मक शव जलाउँदा आफन्तजन भावविह्वल बनेका थिए । भोटेकोशी नदीमा यही भदौ १० गते गएको अचानकको ठूलो बाढीका कारण रसुवा, नुवाकोटलगायत आसपासका क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति भएको थियो । बाढीपछि ठूलो संख्यामा मानिस बेपत्ता भएका छन् भने विभिन्न स्थानमा खोजी तथा उद्धार कार्य जारी रहेको छ ।

बेपत्ताको खोजी भइरहे पनि लामो समयसम्म कुनै सम्पर्क वा अवस्था पत्ता नलागेपछि केही परिवारले आफन्तको जीवित उद्धार हुने आशा त्याग्न थालेका छन् । त्यसपछि उनीहरूले हिन्दू परम्पराअनुसार कुशबाट प्रतीकात्मक शव बनाएर अन्तिम संस्कारमा सामेल हुन थालेका हुन् ।

आर्यघाटमा बुधबार भएको सामूहिक अन्त्येष्टिले भोटेकोशी बाढीले निम्त्याएको मानवीय पीडाको गहिराइसमेत झल्काएको छ । आफ्ना आफन्तको वास्तविक शवसमेत देख्न नपाएका परिवारजनले प्रतीकात्मक शवलाई अन्तिम श्रद्धाञ्जलि दिँदै धार्मिक संस्कार पूरा गरेका छन् ।

बेपत्ता आफन्तको सम्झनामा गरिएको यस अन्तिम संस्कारका क्रममा आर्यघाटमा उपस्थित परिवारजन र आफन्तहरू भावुक देखिन्थे । कसैले कुशबाट तयार गरिएको प्रतीकात्मक शव बोकेर घाटसम्म ल्याएका थिए भने कसैले धार्मिक विधिअनुसार कर्मकाण्ड पूरा गरेका थिए ।

बाढीले आफन्त गुमाएका परिवारका लागि शव नपाउनुको पीडा अझ गहिरो छ । मृत्यु पुष्टि गर्न शवसमेत प्राप्त नभएका अवस्थामा लामो समयसम्म अनिश्चिततामा बस्नुपरेका परिवारजनले बुधबार प्रतीकात्मक अन्त्येष्टिमार्फत आफन्तप्रति अन्तिम श्रद्धाञ्जलि अर्पण गरेका हुन् । यसरी कुशबाट शवको प्रतीक बनाएर गरिएको सामूहिक अन्त्येष्टि भोटेकोशी बाढीमा बेपत्ता भएका नागरिकका परिवारले भोगिरहेको पीडा, अनिश्चितता र भावनात्मक संघर्षको मार्मिक चित्र देखिएको छ । *रासस*

# शव पहिचानका लागि 'डिएनए प्रोफाइलिङ' सुरु

## नेपाल प्रहरी अस्पतालमा सम्पर्कविहीनका आफन्तले डिएनए प्रोफाइलिङ गर्नसक्ने

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** नेपाल प्रहरी अस्पतालले रसुवाको भोटेकोशी बाढीमा मृत्यु भएका नेपाली र विदेशी नागरिकका शव पहिचानका लागि डिएनए 'प्रोफाइलिङ' सुरु गरेको छ ।

बाढीका कारण फेला नपरी हराइरहेका नेपाली तथा विदेशी नागरिकका परिवारले डिएनए परीक्षणमार्फत फेला परेका शव तथा शरीरका अंग यकीन गर्न प्रहरी अस्पतालले उक्त प्रोफाइलिङ सुरू गरेको हो । प्रहरी अस्पतालमा बुधबार साँझ ५:०० बजेसम्म सम्पर्कविहीन भएका परिवारका ५३९ वटा डिएनए प्रोफाइलिङका लागि नमूना संकलन गरिएको छ ।

प्रहरी अस्पतालका प्रवक्ता रामेश्वर अधिकारीका अनुसार सम्पर्कविहीन आफन्त आफ्नो परिचय खुल्ने कुनै पनि कागजात र दुईप्रति फोटो लिएर अस्पताल आएर आफ्नो नमूना दिन सक्ने छन् । उनीहरूले अस्पतालमा उपलब्ध फाराम भर्नुपर्ने र फाराम भर्न नसक्नेको हकमा अस्पतालले सहयोग गरी सहजीकरण गर्ने र तत्पश्चात् विशेषज्ञ प्राविधिक टोलीबाट नमूना संकलन गर्ने छ । संकलित नमूना नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशाला र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानमा पठाइने छ ।

प्रहरी टोलीले बाढीप्रभावित क्षेत्रमा बाढीका कारण मृत्यु भएका व्यक्तिको शव पहिचान, घटनास्थल मुचुल्का तथा आवश्यक सम्पूर्ण कानुनी प्रक्रिया पूरा गर्दै शव व्यवस्थापनको काम गरिरहेको छ । शव फेला परेको स्थानमा आवश्यक मुचुल्कालगायत कानुनी प्रक्रिया पूरागरी शवलाई सुरक्षितरूपमा झोलामा राख्ने, फोरेन्सिक विशेषज्ञको सहयोगमा शव परीक्षण गर्ने, सर्वसाधारणलाई शव पहिचान गर्न सहज होस् भन्ने उद्देश्यले शवको तस्बिर तथा उपलब्ध पहिचानसम्बन्धी विवरण प्रदर्शन गरिएको प्रहरीले जनाएको छ ।

पहिचान खुल्न नसकेका शवको हकमा प्रत्येक शवलाई छुट्टाछुट्टै संकेत/कोड नम्बर प्रदान गरी शवको फोटो, हुलिया, पहिचानजन्य चिह्न, कपडा तथा साथमा फेला परेका सामग्रीलगायत विवरण व्यवस्थितरूपमा अभिलेख राखिएको छ । वैज्ञानिकरूपमा शवको पहिचान गर्न सकिनेगरी डिएनए नमूना संकलन गरी सुरक्षित संरक्षण गर्ने व्यवस्था गरिएको छ ।

फेला परेका शव वा शरीरका अंगको डिएनए परीक्षणमार्फत पहिचान गर्न नजिकको रगतको नाता बाबु, आमा, छोरा वा छोरीमध्ये कुनै एक जनाको रगतको नमूना आवश्यक पर्ने प्रहरीले जनाएको छ । हराइरहेका विदेशी नागरिकको हकमा उक्त व्यक्तिको विदेशमै रहेका बाबु, आमा, छोरा वा छोरीमध्ये कुनै एक जनाले विदेशमा नै डिएनए प्रोफाइलिङ गरी तुलनाका लागि डिएनए प्रोफाइलको 'सफ्ट'कपी प्रहरीको आधिकारिक इमेलमा पठाउन सक्ने छन् ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७५/०२/०७ मा दर्ता भएको **प्रा. लि. नं. १८९८०९** को **नेक्सस् कन्सल्टेन्सी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयको मिति २०६४/१०/०७ मा दर्ता भएको कम्पनी **ए. वन. एजुकेशन सन्सल्टेन्सी प्रा.लि. प्रा. लि. नं. ५१११४/०६४/०६५)** नामक कम्पनी दर्ता खारेजी गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीसँग कसैको दिन, दिन, तिर्नु बुझाउनु पर्ने दायित्व भए सप्रमाण हक दावीका लागि ३५ दिनभित्र सम्बन्धित कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा दर्ता नियमानुसार खारेज गरिने छ ।

**युएइमा रोजगार** कम्पनी : AL LAMAA AL FAIQAH CONCRETE CARPENTER CONT

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१७ | LT. No. 338064 | चलानी नं. ६०२५१५७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Tile Layer | 6 | 0 | 1300 | ५३,८१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Stone Mason | 5 | 0 | 1500 | ६२,०९० | | | | | | | |
| 3 | Steel Fixer | 6 | 0 | 1500 | ६२,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २५ गते (10th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1476/074/75
NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD
Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920,
Mob: 9713026256, E-mail : nepallifera1476.2017@gmail.com

**मलेसियामा रोजगार** कम्पनी : Ccb Medical Devices Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८२/१२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१७ | LT. No. 340206 | चलानी नं. ६०२५३६५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Machine Operator | 5 | 0 | 1700 | ६३,९०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HOOI LOONG GROUP SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१७ | LT. No. 343697 | चलानी नं. ६०२५७०२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 38 | 0 | 1700 | ६३,९०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २५ गते (10th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1610/079/80
CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# रसुवा बाढीको विपद्मा गुमनाम प्रतिपक्षी

**भदौ १० गते रसुवाबाट सुरु भएको बाढीले सात मिनेटमै नुवाकोट हुँदै चितवनसम्मै क्षति पुऱ्यायो । यो विपत्तिमा सरकार आफ्नो बल बुता लगाएर उद्धारमा लागेको छ । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को दुईतिहाइ नजिकको सरकार भेउ पाएर वा नपाएर पनि बाढीग्रस्त क्षेत्रमा खटेको छ । यस्तो अवस्थामा पुराना भनिएका नेपाली कांग्रेस, नेकपा एमालेलगायतका दलहरू देखिनुपर्ने हो । तर यी दल महाविपत्तिमा गुमनाम बनेका छन् । रमिता हेर्नेबाहेक केही गरेको देखिँदैन । सबैभन्दा बढीप्रभावित भनिएको जिल्ला रसुवामा कांग्रेसका मोहन आचार्य सांसद छन् । नुवाकोटबाट दुवै क्षेत्रमा रास्वपाका सांसद छन् ।**

**नुवाकोटमा कांग्रेसका प्रभावशाली नेताहरू अर्जुननरसिंह केसी र डा. प्रकाशशरण महत जिल्लाबाट राजनीति गर्छन् । कांग्रेस सहमहामन्त्री बहादुरसिंह लामा यही क्षेत्रका हुन् । यता एमालेबाट अध्यक्ष केपी ओलीका निटक मानिने विष्णु रिमाल यही क्षेत्रका हुन् । सत्ता आशक्तिमा पूरै लागिपर्ने यी नेताहरू चुनावको बेला निर्वाचन क्षेत्रमा गणेशले शिवपार्वतीलाई घुमेझैं घुम्छन् । तर यो आपत्मा यी नेताहरू बाढीग्रस्त क्षेत्रमा समन्वय गर्न पुगेनन् ।**

**यी नेताहरू हात बाँधेर बसे । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)बाट प्रभावशाली मानिने हितबहादुर तामाङदेखि राधिका तामाङ पनि अक्कलझुक्कलबाहेक बाढीग्रस्त क्षेत्रमा देखिएनन् । यो प्रतिपक्षको गम्भीर भुल हो । सत्तामा रहेको दललाई खबरदारी गरी प्रभावित क्षेत्रका आफ्ना नागरिकलाई बचाउने, राहत पुऱ्याउनेलगायत कार्यमा लाग्नुपर्ने उनीहरूको दायित्व हो ।**

**तर यसका लागि न्यूनतम समन्वयसमेत पुराना दलले गरेको देखिन्न । बाढीग्रस्त क्षेत्रमा त देखिएन देखिएनन् । यी दल सदनमासमेत खरो रूपमा प्रस्तुत हुन सकेका देखिएनन् । सरकार प्रमुख प्रधानमन्त्री वालेन्द्र शाहले बाढी आएको आठौं दिनमा 'आफूहरूले सुरुङ खन्न नसक्ने' भन्दै हात नै उठाए । तर प्रतिपक्षी दल प्रधानमन्त्रीले हात उठाएकोमा मक्ख परेर बसे । तर सरकारको यो असफलतामाथि खबरदारी गर्न सकेनन् । खासमा सत्ताको बागडोर समातेर बसेको प्रधानमन्त्रीले यस्तो भन्नु 'सरेण्डर' गर्नु हो । यो भनेको सत्ता छाडेसरह हो । यस्तो अवस्थामा विपक्षले प्रधानमन्त्रीको राजीनामा माग्नुपर्ने हो । तर प्रतिपक्षी दलहरूमा यो साहस देखिएन ।**

**यति ठूलो विपत्तिमा प्रतिपक्षी दलहरूले यस्तो कायरता देखाउने लज्जानक घटना हो । यसैगरी राजनीति गर्दै जाने हो भने अब पुराना दलको हैसियत अबका दिनमा झनै कमजोर हुँदै जाने देखिन्छ । 'हामी नहीं सुधरेंगे' शैलीमा प्रस्तुत हुँदै गए पुराना दलको पतन अब धेरै टाढा छैन ।**

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# विपत्तिपछि पुनरुत्थानः समृद्ध पर्यटन र सुदृढ भविष्य



❑ खुम सुवेदी

> प्राकृतिक विपत्तिले अल्पकालीनरूपमा हाम्रा सडक पूर्वाधार र पर्यटन व्यवसायमा चुनौती खडा गरे पनि नेपालको अद्भूत सौन्दर्य, अतिथि सत्कारको परम्परा र नेपालीहरूको अदम्य साहस कहिल्यै कमजोर हुनु हुँदैन । यस्तो बेला निराशालाई आशामा बदल्दै नेपालको पर्यटन सुरक्षित र जीवन्त छ भन्ने अठोटका साथ सामूहिक मनोबल उच्च राख्नुपर्छ । सरकारी निकाय, व्यवस्थापिका, पर्यटन सम्बद्ध संघसंस्था, स्थानीय समुदाय, सञ्चार जगत् र अन्तर्राष्ट्रिय कूटनीतिक नियोगहरु एक ठाउँमा उभिएर निराशालाई आशामा बदल्नु आजको राष्ट्रिय आवश्यकता हो ।

प्राकृतिक विपत्तिका अगाडि मानिस निसहाय बन्छ, तर उसको अदम्य साहस, संयम र पुनरुत्थानको चेतना कहिल्यै पराजित हुँदैन । प्रकृतिको अनुपम वरदान, हिमशृंखलाहरूको काख र अद्वितीय संस्कृतिको धनी हाम्रो देश आज फेरि एकपटक प्रकृतिको कठोर परीक्षाबाट गुज्रिरहेको छ । अविरल वर्षा, विनाशकारी बाढी र पहिरोका कारण रसुवागढी, नुवाकोट, धादिङ तथा मुग्लिन-काठमाडौं जोड्ने मुख्य सडक धमनी कृष्णभीर क्षेत्रमा पहाडहरू खसेर यातायात र सञ्चार अवरुद्ध हुन पुगेका छन् ।

यस प्राकृतिक प्रकोपले नेपालको पर्यटकीय यातायात, पदमार्ग र समग्र पर्यटन उद्योगमा गहिरो चोट पुऱ्याएको छ । रसुवागढी, लाङटाङ, गोसाइँकुण्डजस्ता पवित्र धार्मिक एवं साहसिक क्षेत्रतर्फ गएका श्रद्धालु यात्री, विदेशी पर्यटक, यातायात चालक, पर्यटन मजदुर, पदयात्राका पथप्रदर्शक (गाइड), भरिया र स्थानीय बासिन्दाहरू प्रभावित बनेका छन् तर इतिहास साक्षी छ-मानिस प्राकृतिक विपत्तिका अगाडि केही क्षणका लागि विवश देखिए पनि उसको अदम्य साहस, धैर्य, संयम र पुनरुत्थानको चेतना कहिल्यै पराजित भएको छैन ।

खोजी तथा उद्धारका कार्यहरू तीव्ररूपमा अगाडि बढिरहेको यो कठिन घडीमा हराइरहेका सबै नेपाली तथा विदेशी नागरिकहरूको शीघ्र सुरक्षित उद्धार, घाइतेहरूको अविलम्ब स्वास्थ्यलाभ र प्रभावित परिवारहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना सबैको रहेको छ । निराशाको यो कालो बादल छिचोल्दै नेपालको पर्यटन उद्योग फेरि उठ्नै पर्छ र नयाँ ऊर्जाका साथ विश्वसामु चम्किनै पर्छ । पर्यटन उद्योग र व्यवसायलाई नयाँ ऊर्जाका साथ पुनर्जीवन दिनु, अर्थतन्त्रलाई गतिशील बनाउनु र सम्पूर्ण देशवासीमा आत्मविश्वास जगाउनु आजको मुख्य आवश्यकता हो ।

### हिजोको गौरव, आजको चुनौती र भोलिको स्वर्णिम सम्भावना

हिजोका दिनमा नेपाल केवल एक पर्यटकीय गन्तव्यमात्र थिएन; यो विश्वभरका पर्यटकहरूका लागि आत्मिक शान्ति, सगरमाथाको साहसिक पदयात्रा, लाङटाङको मनमोहक उपत्यका, अन्नपूर्णको अद्वितीय पदमार्ग र नुवाकोटका ऐतिहासिक धरोहरहरूको साक्षात पाठशाला थियो । हाम्रा कला, मौलिक संस्कृति र 'अतिथि देवो भवः'को संस्कारले विश्वलाई मोहित बनाएको थियो । आज अविरल वर्षा र पहिरोले हाम्रा पैदलमार्गहरू क्षति पुऱ्याएका छन् ।

सडक सञ्जालहरू विच्छेद हुँदा पर्यटकीय आवागमन ठप्प प्रायः बनेको छ । यसले पदयात्राका गाइड, भरिया, यातायात चालक, साना पर्यटन व्यवसायी, चियापसल सञ्चालक र स्थानीय होमस्टे व्यवसायीहरूको रोजीरोटीमा प्रत्यक्ष धक्का पुऱ्याएको छ । विपत्तिले ल्याएको यो विनाशलाई हामीले एक ठूलो अवसरमा बदल्नु छ । आधुनिक, जलवायु-अनुकूल पूर्वाधार निर्माण गरेर, अन्तर्राष्ट्रिय जगत्मा हराएको आत्मविश्वास पुनः फर्काउँदै नेपाललाई विश्वकै सुरक्षित, व्यवस्थित र जीवन्त पर्यटकीय स्वर्गका रूपमा पुनः स्थापित गर्नु आजको मुख्य कार्यदिशा हो ।

### पर्यटन नै नेपालको मुख्य आर्थिक आधार

वैदेशिक मुद्रा र कूल गार्हस्थ उत्पादन (जिडिपी)को मुख्य स्रोतः नेपालसँग विशाल खनिज वा ठूला औद्योगिक कारखानाहरू छैनन्; हाम्रो सबैभन्दा ठूलो र दिगो सम्पत्ति नै हाम्रा हिमाल, हरियाली, जैविक विविधता र मौलिक संस्कृति हुन् । देशमा पर्यटकीय गतिविधि बढाउनु नै देशको जिडिपी वृद्धि गर्ने, वैदेशिक मुद्रा आर्जन गर्ने र राष्ट्रिय अर्थतन्त्रलाई गतिशीलता दिने मुख्य आधार हो ।

समावेशी रोजगार र स्थानीय अर्थतन्त्रको विकासः सहरका सुविधासम्पन्न होटलदेखि गाउँका साना चियापसलसम्म, हिमाली भेगका कठोर परिश्रम गर्ने भरियादेखि सांस्कृतिक कलाकारहरूसम्म-पर्यटनले विनाभेदभाव हरेक नेपालीको घरमा चुलो बाल्न र स्थानीयस्तरमा स्वरोजगार सिर्जना गर्न मद्दत पुऱ्याउँछ । सभ्यता, संस्कृति र मौलिकताको प्रवर्द्धनः पर्यटन केवल व्यापारमात्र होइन, यो हाम्रो कला, पञ्चेबाजा, लोक दोहोरी, हस्तकला, चिया पर्यटन र मौलिक नेपाली आतिथ्य परम्परालाई विश्वभरका मानिसहरूको मनमा पुऱ्याउने सबैभन्दा सशक्त माध्यम हो ।

### संकट समाधानका ठोस र व्यावहारिक कदमहरू

द्रुत खोजी, उद्धार र मानवीय प्राथमिकताः

यतिबेला जोखिममा परेका पर्यटक, गाइड, भरिया, चालक तथा स्थानीयवासीको खोज तथा उद्धार कार्यलाई निरन्तरता दिँदै उनीहरूका लागि सुरक्षित आश्रय, खाद्यान्न, प्राथमिक उपचार र मनोवैज्ञानिक ढाडसको जरुरत पर्दछ ।

### सडक मर्मत र वैकल्पिक पहुँचको सुनिश्चितताः

नेपालका अन्य सुरक्षित पर्यटन गन्तव्यहरूमा पर्यटक आवागमन सञ्चालनमा रहेको र बाँकी क्षेत्रहरू सुरक्षित छन् भन्ने सकारात्मक सन्देश समयमै अन्तर्राष्ट्रिय जगत्मा पुऱ्याउनुपर्ने हुन्छ । मुग्लिन-काठमाडौं (कृष्णभीर) र रसुवागढी-नुवाकोट मार्गको क्षतिलाई प्राथमिकताका साथ प्राविधिक अध्ययन गरी अल्पकालीन र दीर्घकालीनरूपमा सञ्चालनयोग्य बनाउनुपर्छ । मुख्य राजमार्ग अवरुद्ध हुँदा पर्यटकीय आवागमनलाई निरन्तरता दिन हवाई मार्ग तथा वैकल्पिक सडकहरूको सहज र सर्वसुलभ प्रयोग सुनिश्चित गराउन सक्नुपर्छ ।

### सत्यतथ्य सूचना सम्प्रेषणः

विपद्को समयमा पारदर्शी सूचना सम्प्रेषण र सकारात्मक सन्देशको महत्त्व निकै रहन्छ । प्रभावित क्षेत्र र सडक अवस्थाबारे अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरमा सत्यतथ्य र पारदर्शी सूचना प्रवाह गर्नुपर्छ । नेपालका अन्य सुरक्षित पर्यटन गन्तव्यहरूमा पर्यटकीय आवागमन सञ्चालनमा रहेको र बाँकी क्षेत्रहरू पूर्णरूपमा सुरक्षित छन् भन्ने सकारात्मक सन्देश विश्वसामु पुऱ्याउनुपर्ने हुन्छ । प्रभावित क्षेत्र र सडक अवस्थाबारे अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरमा सत्यतथ्य, अद्यावधिक र पारदर्शी ढंगबाट सूचना प्रवाह गर्ने संयन्त्र हुन आवश्यक छ ।

### पूर्वाधार सुरक्षा र जलवायुअनुकूल पर्यटनः

पूर्वाधार सुरक्षा र जलवायुअनुकूल पर्यटनको विकासमा ध्यान दिनुपर्ने देखिन्छ । भविष्यमा कृष्णभीर वा अन्य संवेदनशील भौगोलिक क्षेत्रमा पर्न सक्ने क्षति न्यूनीकरणका लागि जलवायुअनुकूल पूर्वाधार निर्माणमा जोड दिँदै पदयात्रा तथा साहसिक भ्रमण सञ्चालन गर्दा मौसमको पूर्वसूचना प्रणालीलाई अनिवार्य पालना गर्ने व्यवस्था मिलाउन सकिएमा जस्तोसुकै विपद्मा पनि मानवीय तथा भौतिक क्षतिलाई रोक्न सकिन्छ ।

### प्रभावित व्यवसायी र श्रमिकका लागि राहत प्याकेजः

विपत्तिका कारण रोजगारी र व्यवसाय प्रभावित भएका पथप्रदर्शक, भरिया, चालक, साना पर्यटन व्यवसायी र श्रमिकहरूलाई लक्षित गरी अल्पकालीन सहायता, कर छुट र पुनरुत्थान योजना राज्य र निजी क्षेत्रको सहकार्यमा लागू गराउन सरकारबाट पहल हुन आवश्यक छ ।

### अन्तर्राष्ट्रिय कूटनीतिक नियोगहरुसमक्ष आह्वान

नेपालको पर्यटन पूर्णरूपमा सुरक्षित छ र देश विश्वभरका पर्यटकहरूलाई स्वागत गर्न आतुर छ भन्ने सन्देश अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउन सरकारको तर्फबाट छिट्टै ऐतिहासिक कूटनीतिक सम्मेलन आयोजना गरिनु सान्दर्भिक देखिन्छ । त्यस कार्यक्रममार्फत नेपालस्थित विभिन्न मुलुकका राजदूत, कूटनीतिक नियोगका प्रमुख, महावाणिज्यदूत, अन्तर्राष्ट्रिय विकास साझेदारहरू, नाट्टा, टानलगायतका अग्रणी पर्यटन व्यवसायी संघसंस्थाहरूलाई एकै ठाउँमा आमन्त्रित गरी राज्यका शीर्ष नेतृत्व तहबाट विश्वव्यापी रूपमा आधिकारिक संयुक्त घोषणा गर्दा त्यसले विश्व समुदायमा नेपालको छविलाई अझ उजिल्याउन मद्दत पुग्दछ ।

यसबाट हालैको अविरल वर्षा र बाढीपहिरोले देशका केही सडक पूर्वाधार र सञ्जालमा क्षणिक चुनौती खडा गरेता पनि नेपालका अधिकांश पर्यटकीय गन्तव्यहरू पूर्णरूपमा सुरक्षित, जीवन्त र सञ्चालनमा रहेका छन् भन्ने सन्देश जाने छ । बाढी र पहिरो प्रभावित क्षेत्रहरूमा द्रुत उद्धार, राहत र पूर्वाधार पुनरुत्थानको काम तीव्रताका साथ अगाडि बढाइसकिएको छ । पर्यटन नै नेपालको जिडिपी र समावेशी अर्थतन्त्रको मुख्य मेरुदण्ड भएकाले राज्यले यस क्षेत्रको पुनर्निर्माणलाई सर्वोच्च प्राथमिकतामा राखेको भन्दै पुर्ननिर्माणमा सहयोगका लागि आह्वान गर्न सकिन्छ । यो विदेशी नागरिक तथा विश्वभरका पर्यटकहरूलाई निर्धक्क भएर नेपाल भ्रमणमा आउन र यहाँका हिमाल, संस्कृति र आतिथ्यको अद्वितीय अनुभव लिन हार्दिक आह्वान गर्ने महत्त्वपूर्ण अवसर पनि हुने छ ।

### पुनरुत्थानको साझा संकल्प

रात जतिसुकै कालो र लामो भए पनि बिहानीको सूर्य उदाउन कसैले रोक्न सक्दैन । नुवाकोटका डाँडाकाँडा, रसुवाका हिमाल र कृष्णभीरका पहिराहरूले हामीलाई केही समयका लागि रोक्न खोजे पनि नेपालीहरूको पुनरुत्थानको चेतना, हिम्मत, भरियाहरूको समर्पण र आतिथ्यको भावनालाई कहिल्यै ढाल्न सक्दैनन् । पर्यटन क्षेत्रलाई पुनः चलायमान बनाउन राज्य र निजी क्षेत्रको सहकार्यमा विशेष आर्थिक र नीतिगत सहजीकरण गराउन सकिन्छ ।

प्राकृतिक विपत्तिले अल्पकालीनरूपमा हाम्रा सडक पूर्वाधार र पर्यटन व्यवसायमा चुनौती खडा गरे पनि नेपालको अद्भूत सौन्दर्य, अतिथि सत्कारको परम्परा र नेपालीहरूको अदम्य साहस कहिल्यै कमजोर हुनु हुँदैन । यस्तो बेला निराशालाई आशामा बदल्दै नेपालको पर्यटन सुरक्षित र जीवन्त छ भन्ने अठोटका साथ सामूहिक मनोबल उच्च राख्नुपर्छ । सरकारी निकाय, व्यवस्थापिका, पर्यटन सम्बद्ध संघसंस्था, स्थानीय समुदाय, सञ्चार जगत् र अन्तर्राष्ट्रिय कूटनीतिक नियोगहरू एक ठाउँमा उभिएर निराशालाई आशामा बदल्नु आजको राष्ट्रिय आवश्यकता हो । एकीकृत उद्धार, द्रुत पूर्वाधार विकास, राज्यको उच्चस्तरीय कूटनीतिक पहल र उच्च आत्मबलका साथ नेपालको पर्यटन उद्योग फेरि अझ सुरक्षित, व्यवस्थित र समुन्नतरूपमा टाउको उठाएर उभिने छ । *रासस*

## पाठक मञ्च

# भोटेकोशी बाढीको पाठः पूर्वतयारीविनाको विकास निरर्थक

हालै भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनलगायतका जिल्लाहरूमा पुऱ्याएको ठूलो भौतिक तथा मानवीय क्षतिप्रति गहिरो चिन्ता व्यक्त गर्दै यो पत्र लेख्दै छु । भवन विकास तथा निर्माण विभागको प्रारम्भिक प्रतिवेदनअनुसार एक हजार २५३ घर पूर्णरूपमा ध्वस्त हुनु र छ हजार ३१७ घरमा आंशिक क्षति पुगेर हजारौं नागरिक घरबारविहीन हुनु अत्यन्तै दुःखद घटना हो ।

विशेषगरी रसुवा र नुवाकोट जिल्ला यस विपद्बाट सबैभन्दा बढी प्रभावित बनेका छन् । टिमुरेदेखि स्याफ्रुबेंसीसम्मका पूरै बस्तीहरू नामेट हुनु, ४१ वटा पक्की पुलहरू बगेर यातायात सम्पर्क पूर्णरूपमा विच्छेद हुनु र चार हजार ६८९ भन्दा बढी भवनहरू अझै जोखिममा रहनुले विपद्को भयावहतालाई स्पष्ट पार्छ । गोसाइँकुण्ड र उत्तरगया गाउँपालिकाका नागरिक विगत केही दिनदेखि सडक, बिजुली र सञ्चार सेवाबाट टाढा रहेर अलपत्र अवस्थामा जीवन बिताउन बाध्य छन् । यस्तो कठिन परिस्थितिमा राहत र उद्धारको गति तीव्र हुन नसक्नु चिन्ताको विषय हो ।

यो बाढीले सर्वसाधारणका व्यक्तिगत घरहरूमा मात्र नभई मुलुकको आर्थिक मेरुदण्ड मानिएका राष्ट्रिय पूर्वाधारहरूमासमेत ठूलो आघात पुऱ्याएको छ । रसुवागढी, चिलिमे, माथिल्लो त्रिशूलीजस्ता प्रमुख जलविद्युत् आयोजनाहरूमा क्षति पुग्दा राष्ट्रिय अर्थतन्त्र र ऊर्जा क्षेत्रमा दीर्घकालीन असर पर्ने निश्चित छ । यसका साथै उत्तरी नाका जोड्ने मुख्य राजमार्गहरू अवरुद्ध हुँदा नेपाल-चीन व्यापारिक सम्पर्कसमेत ठप्प बनेको छ ।

प्राकृतिक विपद्लाई पूर्णरूपमा रोक्न नसकिएता पनि यसबाट हुने क्षतिलाई पूर्वतयारी र वैज्ञानिक योजनामार्फत कम गर्न सकिन्थ्यो । बर्सेनि मनसुनको समयमा पहाडी तथा हिमाली भूभागमा आउने बाढी र पहिरोले लाखौं नागरिकलाई विस्थापित बनाउँदै आएको छ । स्याटेलाइट म्यापिङजस्ता आधुनिक प्रविधिको प्रयोग गरेर जोखिमयुक्त क्षेत्रको पहिचान भइसकेपछि पनि पूर्वसूचना प्रणाली र पूर्वतयारी फितलो हुनु हाम्रा नीतिगत र संरचनागत कमजोरी हुन् ।

अहिलेको पहिलो प्राथमिकता प्रभावित क्षेत्रमा आपत्कालीन राहत, खाद्यान्न, खानेपानी, औषधोपचार र अस्थायी आवासको व्यवस्था गर्नु हो । उत्तरगया र गोसाइँकुण्ड गाउँपालिकाका अलपत्र नागरिकसम्म पुग्न नेपाली सेना, सशस्त्र प्रहरी र स्थानीय प्रशासनले वैकल्पिक मार्ग प्रयोग गरेर भए पनि तत्काल उद्धार कार्यलाई अगाडि बढाउनुपर्छ । सञ्चार र विद्युत् सेवा तुरुन्त पुनःसञ्चालन गरी अलपत्र नागरिकको सुरक्षा सुनिश्चित गरिनुपर्छ ।

दोस्रो चरणमा, भत्किएका पुल र सडकखण्डहरूको द्रुत गतिमा मर्मतसम्भार गरी काठमाडौं-रसुवागढी जोड्ने रणनीतिक मार्ग सञ्चालन गर्नुपर्छ । केवल अस्थायी सडक खोल्ने परिपाटीभन्दा पनि नदी कटान र पहिरोको जोखिमलाई ध्यानमा राखेर दिगो पूर्वाधार निर्माण गर्नु अपरिहार्य छ ।

भोटेकोशी र त्रिशूली करिडोरका बाढीप्रभावित क्षेत्रमा रहेका नदी किनारका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने एकीकृत पुनर्वास योजना ल्याउनु आवश्यक छ । जलविद्युत् आयोजना र अन्य ठूला पूर्वाधार निर्माण गर्दा जलवायु परिवर्तन र सम्भावित बाढीको जोखिम मूल्यांकनलाई कडाइका साथ लागू गरिनुपर्छ । विपद् व्यवस्थापनलाई भाषण र प्रतिवेदनमामात्र सीमित नराखी व्यावहारिकरूपमा कार्यान्वयन गर्न सरकार, निजी क्षेत्र र नागरिक समाजको एकीकृत प्रयासको खाँचो छ । सम्बन्धित निकायको ध्यान समयमै जाओस् ।

**- रामचन्द्र खड्का**
हेटौंडा, मकवानपुर



**हेलिकप्टरमार्फत शव त्रिशूली पठाइँदै**

नुवाकोटको विदुर नगरपालिका-१० बेत्रावतीमा लेदोसहितको बाढीले पुरिएको तीनतले घरबाट निकालिएका शव हेलिकप्टरमार्फत त्रिशूली पठाउँदै सुरक्षाकर्मी । यही भदौ १० गते आएको रसुवाको भोटेकोशी बाढीपछि उक्त घरबाट २४ जनाको शव निकालिएको थियो । *तस्बिर: रासस*

# रसुवा बाढीपछि सम्पर्कविहीन तीन भाइको प्रतीक्षा

■ सुधा देव







**सप्तरी–** रामकुमार यादव आफ्ना तीन भाइ एकैपटक घर आउन सक्ने व्यग्र प्रतीक्षामा छन् । सप्तरीको बोदेबर्साइन नगरपालिका-८ काचनका यादव परिवारका जेठा छोरा रामकुमारले भोटेकोशी बाढीमा परी सम्पर्कविहीन भएका भाइहरू घर आउन सक्ने प्रतीक्षामा रहेको जानकारी दिए ।

उनका सबै भाइ रसुवास्थित अपरत्रिशूली-१, जलविद्युत् आयोजनामा कार्यरत थिए । माइलो ३५ वर्षीय शिवकुमार यादव सुपरभाइजर, साइँलो ३१ वर्षीय देवकुमार यादव इञ्जिनियर र कान्छो २५ वर्षीय सचित ओभरसियर पदमा कार्यरत थिए । 'घरमा चुलो नबलेको एक हप्ता भयो, भाइहरूकै सम्झनाले सताइरहेको छ,' रामकुमारले भने, 'भाइहरू अहिलेसम्म सम्पर्कमा नआए पनि झिनो आशामा उनीहरू घर आउने प्रतीक्षामा हामी छौं ।'

स्थानीय विनोद साहका अनुसार ७० वर्षीया आमा छिनछिनमा छोरा ल्याइदेऊ, छोराहरूविना कसरी बस्नु भन्दै बेलाबेलामा मुर्छित हुन्छिन् । आमा र सम्पर्कविहीन भएका दाजुभाइका पत्नीहरूको अवस्था पनि दुःखद् छ । कतिबेला श्रीमान् भेटिएला र खबर आउँला भन्ने पर्खाइमा उनीहरू कुरिरहेका छन् ।

माइलो, शिवकुमारको विवाह भएको पाँच वर्ष भयो । उनका दुई सन्तानसमेत छन् । साइँलो छोरा देवकुमारको यही वैशाखमा विवाह भएको हो । कान्छो सचित भने अविवाहित थिए । तीनवटै छोराहरू रसुवामा काम गर्न थालेपछि सुखी थियो यादव परिवार । शिवकुमारको पत्नीसँग बाढी गएको दिन बिहान भलाकुसारी भएको थियो । बाढी आउने कुनै अत्तोपत्तो थिएन । एक्कासि सम्पर्कविहीन भएको उनकी पत्नीले बताइन् । बुबा लालबहादुर भने छोराहरूको खोजीका लागि रसुवा गएको चार दिन बित्यो । 'छोराहरूसँग कतै सम्पर्क हुन सकेन,' लालबहादुरले भने ।

उनीहरूको जस्तै विष्णुपुर गाउँपालिका-१ खुरहुरियाका ३६ वर्षीय इञ्जिनियर अजयकुमार यादवको परिवारको पीडा उस्तै छ । अजय पनि बाढी आएकै दिनदेखि सम्पर्कविहीन छन् । उनी रसुवा जिल्लाको उत्तरगया गाउँपालिका-५ स्थित नीलकण्ठ माध्यमिक विद्यालय बोगटीटारमा कार्यरत शिक्षक थिए ।

उनी सोही ठाउँमा डेरा लिएर बस्दै आएका थिए । बाढी आएकै दिनदेखि अजय सम्पर्कमा नआएपछि उनको घरमा सन्नाटा छाएको छ । घरमा चुलोसमेत बल्न सकेको छैन । उनको आमाबुबा छिनछिनमा मुर्छित् पर्दै आएका छन् । अन्य परिवार चिन्तामा छन् ।

उनको मामाका छोरा श्यामसुन्दर यादव भाइको खोजीमा रसुवासम्म पुगे । भाइको कुनै पत्तो नलागेको जानकारी दिए । रसुवाकै मेलुङ-५ एमभी हाइड्रोपावरमा कार्यरत सुरुंगा नगरपालिका-२ का सरोज चौधरी पनि भोटेकोशीमा आएको बाढीपछि सम्पर्कविहीन छन् ।

उनको अवस्थाबारे यथाशीघ्र सार्वजनिक गर्न परिवारले सम्बन्धित सबै पक्षसँग आग्रह गरेको छ । सुरुंगा नगरपालिका-७ बसानपट्टीका एक आमाछोरा पनि बाढीपछि सम्पर्कविहीन छन् । बसानपट्टीका दुर्गानन्द रामकी पत्नी गीता राम र उनका तीन वर्षीय छोरा दिवासकुमार राम बाढीपछि सम्पर्कविहीन छन् । दुर्गानन्द राम करिब तीन वर्षअघि मोटरसाइकल ग्यारेजमा काम गर्न नुवाकोटको त्रिशूली बजारमा पत्नी र छोरासहित बस्दै आएका थिए । दुर्गानन्द राम सकुशल रहे पनि आमाछोरा अझै सम्पर्कविहीन छन् ।

यता नुवाकोट, हाइड्रोपावरमा कामदारका रूपमा कार्यरत खडक नगरपालिका-५ रञ्जितपुरका २८ वर्षीय सन्तोष चौधरीको मृत्यु भएको पुष्टि भएको छ । उनको शव गण्डकी अस्पताल कास्की, पोखरामा पहिचान गरिएको सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवले बताए । उनले भने, 'बेपत्ताको खोजीकार्य जारी छ । कुनै सूचना आए पीडित परिवारलाई तत्काल जानकारी दिन्छौं ।'

बाढीका कारण बोदेबरसाइन नगरपालिका आसपासका झण्डै ४८ व्यक्ति अहिलेसम्म सम्पर्कमा आउन नसकेपछि उनीहरूको परिवार पीडामा छ । सुरूङ, टनेलमा फसेकाको तत्काल उद्धार गर्न पीडितपरिवारले सरकारसँग माग गरेका छन् ।

मधेश प्रदेश प्रहरी कार्यालयको मंगलबारको तथ्यांकअनुसार रसुवा बाढीमा १६४ जना अझै सम्पर्कविहीन छन् भने १९५ जना बेपत्ता भएकामा ३० जना सम्पर्कमा आइसकेका छन् । एक जनाको मृत्यु भएको पुष्टि भएको छ । सप्तरीका ४९ जनामध्ये एक जना सम्पर्कमा र एक जनाको मृत्यु भएको छ ।

रसुवा भोटेकोशी नदीमा आएर भएको बाढीले जनधनको क्षति र एक जनाको मृत्यु र ४८ जना सम्पर्कविहीन भएपछि सिंगो सप्तरी यतिबेला शोकमा डुबेको छ । *रासस*

# सकियो ललितपुरको ऐतिहासिक नृसिंह जात्रा

**ललितपुर–** ललितपुरका मल्ल राजा सिद्धिनरसिंह मल्लको पालादेखि सञ्चालन हुँदै आएको ऐतिहासिक नृसिंह जात्रा सम्पन्न भएको छ । हरेक वर्ष भाद्र कृष्ण पञ्चमीका दिन पाटनमा सञ्चालन हुने नृसिंह जात्रा यस वर्ष मंगलबार सम्पन्न भएको हो । कुनै पनि दैवी प्रकोप नहोस् तथा विश्वमा शान्ति कायम रहोस् भन्ने कामनासहित यो जात्रा मनाउने गरिन्छ ।

ललितपुरका छ कूलका राजोपाध्याय समुदायले उमेरको वरिष्ठताका आधारमा पालैपालो जात्राको सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी लिएर सञ्चालन गर्ने परम्परा रहिआएको छ । यस वर्ष अग्निशाला वःलिम्हका भूपति राजानन्द राजोपाध्यायको परिवारले जात्रा सञ्चालन गरेको हो ।

भगवान् विष्णुले नृसिंह अवतार धारण गरी दानव हिरण्यकशिपुको वध गरेको पौराणिक घटनाको स्मरणमा यो जात्रा सञ्चालन गरिन्छ । बाजागाजा तथा भजन टोलीसहित नृसिंहको स्वरूपलाई ललितपुरको प्राचीन नगर परिक्रमा गराइन्छ । नृसिंहतर्फ फर्केर हातमा धूप लिएर प्रणाम गर्दै भक्त प्रह्लादलेजस्तै उल्टो पाइला चाल्दै नगर परिक्रमा गर्ने विशेष परम्परा यस जात्रामा रहेको छ ।

नृसिंहको दायाँ-बायाँ लक्ष्मी र सरस्वतीलाई राख्ने चलन छ भने जात्रामा छ जोडी कन्याकोसमेत सहभागिता रहने गर्दछ । पालो परेको परिवारका पुरोहित, ज्वाइँ वा भाञ्जामध्ये एक जना नृसिंहको स्वरूप धारण गरी ललितपुरको प्राचीन नगरीको सायाः अर्थात् सापारु मार्गमा नगर परिक्रमा गर्ने परम्परा रहेको छ ।

नृसिंह जात्राका क्रममा बाजागाजा र प्रत्यक्ष भजनसहित नृसिंह देवगणको टोलीले पाटनका गाबहाल, पिम्बहाल, बंगलामुखी, कोबहाल, मंगलबजार, सुन्धारा, इकुबहाल, महाबौद्ध, टंगल, तिच्छु गल्ली, हौगल, इखालखु, पूर्णचण्डीलगायत विभिन्न स्थानको परिक्रमा गर्ने गर्दछ ।

जात्राको क्रममा विभिन्न स्थानमा नृसिंहलगायत देवताहरूको विसर्जन गरी पूजापाठ गर्ने चलनसमेत रहेको छ । नृसिंह यात्राका क्रममा नृसिंहले आफ्नो पछाडि लतार्दै कपडाको पुतली ल्याउने विशेष परम्परा पनि रहेको छ । जात्राको क्रममा उक्त कपडाको पुतलीलाई बालबालिकालाई ढोगाउने चलन छ । यसरी कपडाको पुतलीलाई ढोगाउँदा बालबालिकाको रक्षा हुने र उनीहरूलाई शुभ हुने धार्मिक तथा सांस्कृतिक विश्वास रहेको छ ।

ललितपुरमा नृसिंहका दुई फरक स्वरूप रहेको मानिन्छ । कार्तिक नाचमा प्रस्तुत गरिने नृसिंहलाई उग्र स्वरूपका रूपमा लिइन्छ भने उपालकं सायाःका नृसिंहलाई शान्त स्वभावको नृसिंहका रूपमा मान्ने गरिन्छ ।

ऐतिहासिक दस्तावेजअनुसार नेपाल संवत् ७५१ अर्थात् विक्रम संवत् १६८८ देखि नृसिंह जात्रा सञ्चालन हुँदै आएको उल्लेख पाइन्छ । धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको यो जात्रा ललितपुरको मौलिक सांस्कृतिक परम्परा र जीवन्त सम्पदाका रूपमा आजसम्म निरन्तर रहँदै आएको छ । *रासस*

# भोटेकोशी बाढी: समुदायले नै जुटाउँदै छ सहयोग

**म्याग्दी–** म्याग्दीको भौगोलिकरूपमा विकट मानिएको गुर्जाका बासिन्दाले भोटेकोशी बाढीपीडितका लागि दुई लाख ५० हजार रूपैयाँ सहयोग गरेका छन् । यही भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा राहत, उद्धार र पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि गुर्जामा रहेका विभिन्न संघसंस्थाले उक्त सहयोग गरेका हुन् ।

गुर्जा विकास मञ्च र गुर्जा-काठमाडौं समाजले एक/एक लाख रूपैयाँ तथा पोखरामा बस्ने गुर्जाको चौतारे छन्त्याल महिला समूहबाट २५ हजार रूपैयाँ र बंगाले छन्त्याल महिला समूहबाट २५ हजार रूपैयाँ सहयोग गरेको वडाध्यक्ष झक छन्त्यालले जानकारी दिए । चारवटै संस्था र समूहले वडाध्यक्ष छन्त्यालमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गरेका हुन् ।

यसैगरी, बेनी नगरपालिका-९ मा रहेका विभिन्न संघसंस्थाले पनि मंगलबार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दुई लाख सात हजार ६३५ रूपैयाँ जम्मा गरेका छन् । गलेश्वर शिव युवा क्लव, गलेश्वरधाम आमा समूह, गलेश्वर फुटसल समूह, टोल सुधार समिति र गलेश्वर आदर्श आवासीय माविका शिक्षक र विद्यार्थीबाट उक्त रकम जुटाएर कोषमा जम्मा गरिएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका उपाध्यक्ष बमबहादुर पुनले जानकारी दिए ।

### बाढीप्रभावित क्षेत्रबाट सात मजदुर घर फर्किए

भोटेकोशी बाढीबाट अति प्रभावित रसुवा जिल्लाका २१६ मेगावाट क्षमताको अपर त्रिशूली जलविद्युत् आयोजनामा कार्यरत म्याग्दीका सात जना श्रमिक मंगलबार घर आइपुगेका छन् ।

सहायक प्रमुख जिल्ला अधिकारी कुलराज आचार्यका अनुसार मंगला गाउँपालिका-५ किमचौरका तीर्थ विक, मालिका गाउँपालिका-५ का जित पुन, टेकबहादुर पुन, प्रेम पुन, धवलागिरि गाउँपालिका-२ का टीकाकुमार पुर्जा, विमल पुर्जा र नवीन पुर्जा आफ्नो घर आइपुगेका हुन् ।

मालिका गाउँपालिका-४ ओखरबोट छापका २५ वर्षीय भबिन्द्र रेग्मी र धवलागिरि गाउँपालिका-२ खोरियाका २३ वर्षीय प्रविण पुर्जा अझै सम्पर्कविहीन रहेका सहायक प्रजिअ आचार्यले बताए । बाढी आएपछि भागेर ज्यान जोगाएका मजदुरले रसुवादेखि चार दिन पैदल यात्रा गर्दै धादिङ पुगेका थिए । त्यसपछि गोरखा, पोखरा हुँदै बेनी आएको उनले बताए । *रासस*


## साउदीमा रोजगार
कम्पनी : THE IDEAL HEAVY COFFEE FOUNDATION

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/१७ | LT. No. 341742 | चलानी नं. ६०२५५०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1200 | ४८,५४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २५ गते (10th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Srijanahil Marg, Basundhara, Kathmandu, Nepal, 9813048931 (Mazid), E-mail : alkausar.hrm@gmail.com

## युएइमा रोजगार
कम्पनी : SINOPEC NANJING ENGINEERING & CONSTRUCTION INC

पूर्व स्वीकृति मिति : २०८३/०५/१७ | LT. No. 347470 | चलानी नं. ६०२६०६२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Masons | 190 | 0 | 1200 | ४९,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Helper | 10 | 0 | 1000 | ४१,४२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २५ गते (10th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**All Skills International Human Resource Pvt.ltd.**
श्रम इजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, (Shiva Subedi) +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## साउदीमा रोजगार
कम्पनी : FAWAZ HAMDAN AL-MUTAIRI COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/१७ | LT. No. 347174 | चलानी नं. ६०२६०५९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Workers | 5 | 0 | 1000 | ४०,४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २५ गते (10th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MEIHOKU OVERSEAS PVT.LTD.(Allied International Manpower Pvt.ltd.) श्रम ई.नं. १६१९/०७९/८०

Kumaripati-19, Lalitpur, Nepal, Tel: +977-1-5407555, 9800986222 Manjil Shrestha, +977 984-3992726- Avinash Bhandari Email: alliedintl1619@gmail.com

# इरानी सैन्य लक्ष्य विरुद्धको आक्रमण पूरा गरेको सेन्टकमको दाबी

**ताम्पा (अमेरिका)–** संयुक्त राज्य अमेरिकाको सेन्ट्रल कमाण्ड फोर्सले इरानी सैन्य लक्ष्यविरुद्धको आक्रमण पूरा गरेको जनाएको छ, जसमा हवाई रक्षा क्षेत्र, विस्फोटक पदार्थ भण्डारण स्थानहरूका साथै सञ्चार क्षेत्रहरू समावेश छन् । यद्यपि, इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले अमेरिकी आक्रमणले सिरिकमा भएको विवाह समारोहलाई पनि लक्षित गरी आक्रमण गर्दा ५० जनाभन्दा बढी मानिस घाइते भएको बताएका छन् ।

हर्मुजको जलमार्गमा व्यापारिक ढुवानी र अमेरिकी सैन्य सदस्यहरू विरुद्ध आइआरजिसीले गरेको पछिल्लो आक्रमणपछि अमेरिकी आक्रमणले गति लिएको बताइएको छ । सेन्टकम करिब ५० हजारभन्दा बढी अमेरिकी सैन्य सदस्यहरू हाल मध्यपूर्वमा रहेको उल्लेख गर्दै तिनीहरू सतर्क, घातक र कमाण्डरद्वारा निर्देशित अपरेसनहरू कार्यान्वयन गर्न तयार रहेको जनाएको छ ।

सेन्टकमले सार्वजनिक गरेको भिडियो क्लिपमा अमेरिकी सेनाले प्रहार गरेका धेरै क्षेत्रहरूको दृश्य समावेश छ । बाकाईले इरानले आवासीय घरहरू, विवाह समारोहलगायतका स्थानहरूलाई लक्षित गरी गरेको बर्बर र अपराधपूर्ण आक्रमणको दृढताका साथ जवाफ दिने प्रतिबद्धता गरेका छन् ।

इरानको इरान समाचार एजेन्सीका अनुसार अमेरिकी आक्रमणको प्रतिक्रियामा, आइआरजिसी एयरोस्पेस फोर्सले जोर्डनको अमेरिकी प्रिन्स हसन एयर बेसमा आरक्यू-४ र एमक्यू-९ यूएभी हयांगरहरूलाई लक्षित गर्दै ब्यालेस्टिक मिसाइल अपरेसन गरेको थियो । इस्लामिक गणतन्त्र इरानको सेनाले बहराइनको शेख इसा आधारमा अमेरिकी आतंकवादी बलहरूको राडार स्थापना तथा एकाग्रता बिन्दुहरूलाई लक्षित गरी आक्रमण गरेको दाबी गरेको छ । बहराइनको शेख इसा हेलिकप्टर र ड्रोन कम्पोनेन्टहरूको मर्मत केन्द्रले आइआरजिसीलाई उद्धृत गर्दै ब्यालिस्टिक मिसाइलहरूले जोर्डनको अमेरिकी समुद्री आधार क्याम्प टिटिनमा पनि प्रहार गर्दा सैनिक हताहतसमेत भएको दाबी गरेको छ ।

मध्यपूर्वको हिंसात्मक स्थिति द्रुत गतिमा विकसित हुँदै जाँदा बहराइनको आन्तरिक मन्त्रालयले सम्भावित खतराको चेतावनी जारी गर्दै नागरिकलाई शान्त रहन, नजिकको सुरक्षित स्थानमा बसी सार्वजनिक सुरक्षाका लागि आधिकारिक च्यानलहरूमार्फत समाचारहरूबारे जानकार रहन आग्रह गरेको छ ।

यसैबीच, कुवेत समाचार एजेन्सीले देशको हवाई सुरक्षाले इरानी ड्रोन आक्रमणको जवाफ दिइरहेको बताएको छ । यसैबीच जोर्डनको हवाई सुरक्षाले १३ वटा इरानी ब्यालेस्टिक मिसाइलहरू रोकेको जनाएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वासिङ्टनले स्ट्रेट अफ हर्मुज नजिकै इरानी लक्ष्यहरूविरुद्ध आक्रमणको नयाँ लहर सुरु गरेको बताएको केही समयपछि इरानले निर्णायक प्रतिक्रियाको प्रतिबद्धता गरैसँगै पछिल्लो घटनाक्रम भएको हो । तेहरानविरुद्ध अझै ठूलो आक्रमण बाँकी रहेको संकेत गदै अमेरिकी राष्ट्रपति ट्रम्पले अमेरिकी आक्रमणको विरुद्ध इरानी प्रतिक्रियाको वासिङ्टनले कडा प्रतिक्रिया दिने बताएका छन् । *रासस/एएनआई*

# वैज्ञानिक अनुसन्धानको तथ्यांक खुला गर्ने चीनको नयाँ पहल

**बेइजिङ–** चीनको चिनियाँ विज्ञान प्रतिष्ठानअन्तर्गतको स्वचालन अनुसन्धान संस्थानले वैज्ञानिक अनुसन्धानसँग सम्बन्धित तथ्यांकको खुला साझेदारीलाई प्रवर्द्धन गर्ने उद्देश्यले नयाँ अन्तर ाष्ट्रिय शैक्षिक पत्रिका सुरु गरेको छ ।

संस्थानका अनुसार नयाँ पत्रिकाले विश्वभरका अनुसन्धानकर्ताका लागि उच्चस्तरीय, बहुविषयगत, खुला पहुँच तथा सहकर्मी मूल्यांकनमा आधारित शैक्षिक आदानप्रदानको मञ्च उपलब्ध गराउने छ । पत्रिकामा तथ्यांकसम्बन्धी लेख, नमूनासम्बन्धी लेख, अनुसन्धानसम्बन्धी लेख, समीक्षा, तथ्यांक तथा नमूना अद्यावधिक, साथै समाचार, विचार तथा टिप्पणी गरी छ वटा मुख्य खण्ड रहने छन् ।

यस पत्रिकाको अनुसन्धान क्षेत्र कम्प्युटर विज्ञान, गणित, तथ्यांक, चिकित्सा लगायत विभिन्न विषयमा फैलिएको छ । यसले वैज्ञानिक अनुसन्धानका सामग्री उत्पादनदेखि प्रकाशन तथा त्यसपछि हुने अद्यावधिकसम्मको सम्पूर्ण प्रक्रियालाई समेट्ने छ ।

संस्थानका अनुसार पत्रिकाले तथ्यांक, अनुसन्धान, प्रयोग तथा तथ्यांक व्यवस्थापनलाई एउटै शृंखलामा जोड्दै उच्च गुणस्तरीय वैज्ञानिक तथ्यांकको विश्वव्यापी खुला साझेदारीलाई प्रोत्साहन गर्ने लक्ष्य राखेको छ ।नयाँ पत्रिकाको पहिलो सम्पादकीय बोर्डमा विश्वका २० भन्दा बढी प्रतिष्ठित विश्वविद्यालय तथा अनुसन्धान संस्थानका विशेषज्ञहरू सहभागी रहेको संस्थानले जनाएको छ । यस पत्रिकामार्फत वैज्ञानिक अनुसन्धानमा तथ्यांकको खुला प्रयोग, प्रभावकारी तथ्यांक व्यवस्थापन तथा नयाँ अनुसन्धान पद्धतिको विकासमा योगदान पुग्ने अपेक्षा गरिएको छ । *रासस/सिन्ह्वा*


## युएइमा रोजगार

कम्पनी : GLOSH BEAUTY LOUNGE LLC

पूर्व स्वीकृति मिति : | LT. No. 347508 | चलानी नं.

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Make up Artist | 0 | 2 | 1500 | ६२,१३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान:

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082

S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com


## टोखा नगरपालिकाको अनुरोध

- नगरपालिकालाई बुझाउनु पर्ने घर, जग्गा कर, मालपोत दस्तुर, व्यवसाय करलगायत कर नियमित तिरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइ सराइ, सम्बन्ध बिच्छेद, मृत्यु) घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिता बमोजिम नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्जजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उत्पादन हुने फोहोरलाई उचित व्यवस्थापन गरी सफा सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

**टोखा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मैजुहिटी, काठमाडौं**
**बागमती प्रदेश**

# मध्यपूर्व तनावपछि जापानको सेयरबजारमा ठूलो गिरावट

**टोकियो–** मध्यपूर्वमा बढ्दो तनावसँगै कच्चा तेलको मूल्य उकालो लाग्नु र जापानमा दीर्घकालीन ब्याजदर बढ्नुका कारण बुधबार टोकियोको सेयरबजारमा ठूलो गिरावट आएको छ ।

टोकियो स्टक एक्सचेञ्जको प्रमुख सूचक निक्केई २२५ अघिल्लो दिनको तुलनामा एक हजार ८८९.७० अंक अर्थात् २.८५ प्रतिशतले घटेर ६४ हजार ३२५.६४ अंकमा बन्द भएको छ । त्यस्तै, बजारका अर्को प्रमुख सूचक टोपिक्स पनि १००.२६ अंक अर्थात् २.४० प्रतिशतले घटेर चार हजार ८१.६० अंकमा पुगेको छ । यससँगै टोपिक्सको लगातार नौ कारोबार दिनदेखिको वृद्धिमा पनि विराम लागेको छ ।

बुधबार टोकियो बजारका लगभग सबै क्षेत्रका सेयरमा बिक्री चाप देखिएको थियो । विशेषगरी अलौह धातु, सेवा तथा काँच र सिरेमिक उत्पादनसँग सम्बन्धित कम्पनीहरूका सेयरमा उल्लेख्य गिरावट आएको छ । प्रविधि क्षेत्रका ठूला कम्पनीहरू पनि प्रभावित भएका छन् । सफ्टबैंक ग्रुपको सेयर ६.४२ प्रतिशतले घटेको थियो भने टोकियो इलेक्ट्रोन र एडभान्स्टका सेयर पनि क्रमशः ३.४० र २.५२ प्रतिशतले घटेका थिए ।

### ब्याजदर वृद्धिले थप दबाब

जापानको १० वर्षे सरकारी ऋणपत्रको प्रतिफल बुधबार एक समय ३.०१५ प्रतिशतसम्म पुगेको थियो । यो सन् १९९६ को सेप्टेम्बरयताकै उच्च स्तर हो । अघिल्लो दिन नै यो दर तीन प्रतिशतभन्दा माथि पुगेको थियो ।

ब्याजदर बढ्दा लगानीकर्ताका लागि सुरक्षित मानिने ऋणपत्रमा लगानीको आकर्षण बढ्छ भने उच्च मूल्यांकन भएका सेयरमा दबाब पर्न सक्छ । विशेषगरी भविष्यमा उच्च आम्दानीको अपेक्षा गरिएका प्रविधि तथा वृद्धि-केन्द्रित कम्पनीका सेयर यस्तो अवस्थामा बढी प्रभावित हुने विश्लेषकहरूको भनाइ छ ।

### मध्यपूर्व तनावले तेलको मूल्य बढायो

मध्यपूर्वमा पुनः बढेको सैन्य तनावले विश्वबजारमा कच्चा तेलको आपूर्ति प्रभावित हुन सक्ने चिन्ता बढाएको छ । अमेरिकी र इरानी पक्षबीचको पछिल्लो सैन्य झडपपछि तेलको मूल्य बढेको हो । बुधबार अमेरिकी वेस्ट टेक्सस इन्टरमिडिएट (डब्ल्युटिआई) कच्चा तेलको मूल्य प्रतिब्यारेल ९० अमेरिकी डलरभन्दा माथि पुगेको थियो ।

तेलको मूल्य बढ्दा जापानजस्ता ऊर्जा आयातमा निर्भर अर्थतन्त्रमा उत्पादन तथा ढुवानी लागत बढ्न सक्छ । यसले मुद्रास्फीतिको दबाब थप बढाउने र उपभोक्ता तथा व्यवसायको खर्चमा असर पार्ने चिन्ता लगानीकर्तामा देखिएको छ । विश्लेषकहरूका अनुसार मध्यपूर्वको तनाव, तेलको मूल्य वृद्धि र विश्वभर बढिरहेको ब्याजदरले लगानीकर्तालाई जोखिमयुक्त सम्पत्तिबाट टाढा रहन प्रेरित गरेको छ । *रासस/सिन्ह्वा*


## जापानमा रोजगार

कम्पनी : CARE FACILITY COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०५/१५ | LT. No. 345392 | चलानी नं. ६०२६०५९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Caregiver | 2 | 2 | 185700 | १,७६,४८५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : MUSUBU KYODO KUMIAI

पूर्व स्वीकृति मिति : २०८३/०५/१५ | LT. No. 347286 | चलानी नं. ६०२६०५८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker / Construction Worker | 1 | 0 | 190000 | १,८०,५७१ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : MUSUBU KYODO KUMIAI

पूर्व स्वीकृति मिति : २०८३/०५/१५ | LT. No. 347287 | चलानी नं. ६०२६०५८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumbing Works | 2 | 0 | 179493 | १,७०,५८६ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

- **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।
- **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
  १. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
  २. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
  ३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

- **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ २५ गते (10th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1544/078/079

TIRUPATI H.R. SOLUTION (P) LTD
Kathmandu-31 (New Baneshwor) KATHMANDU, Nepal, Tel: 014533441, 9851183897
Email: tirupatihrsolution@gmail.com, Web: www.tirupati.hr.com.np


**सुनवर्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**डाईनियाँ, मोरङ**
**कोशी प्रदेश, नेपाल**

## आ.व. २०८३/८४ को लागि नदिजन्य पदार्थ (भरौट) उत्खनन् संकलन तथा बिक्री कर उठाउने सम्बन्धी (बढाबढ) बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/१८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (घ) को (६) र दफा ६२ (क), कोशी प्रदेशको आर्थिक ऐन २०८३, को दफा (७) को उपदफा (१) र (७), सुनवर्षी नगरपलिकाको आर्थिक ऐन २०८३, स्वीकृत IEE प्रतिवेदन तथा प्रचलित कानूनको अधिनमा रही सुनवर्षी नगरपलिका, मोरङ्को क्षेत्राधिकार भित्र पर्ने सुनवर्षी नगरपाललकाको वडा नं.३, ६ र ७ भएर बग्ने बक्राहा खोलाको स्वीकृत घाट र नाकाहरूबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरी स्विकृत दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानुनी प्रक्रिया पुरा गरेका योग्य फर्म/कम्पनीहरूले बोलपत्र खरिद गरि प्रथम पटक प्रकाशित सूचनाको मितिले २१ दिन भित्र हार्ड कपि मार्फत यस कार्यालयमा पेश गर्नहुन सार्वजनिक सूचना आह्वान गरिन्छ । अन्य थप जानकारीका लागि कार्यालयको वेबसाईट www.sunawarshimun.gov.np मार्फत अध्ययन गर्न सकिनेछ ।

**तपसिल:**

| सि. न | ठेक्का नं. | बोलपत्रको नाम | भरौट उत्खनन् परिमाण (घ.मि.) | न्यूनतम बोलपत्र रकम रू. (मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र फारम शुल्क रू. |
|---|---|---|---|---|---|---|
| १. | SUNMUN/ NCB/RIVER/ 083/084-01 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Bakhraha River at Sunawarshi Municipality ward no 2, 3, 6 and 7 | ३२,००० (खोलाको घाट संख्या ३ (तिन)) | ४५,२०,२८१.६०/- | कबोल अंकको ५५ (मु(अ.कर बाहेक) | ३,०००/- |

➢ **शर्तहरू:**

➢ बोलपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८३/०६/०७ गते) सम्म १७:०० बजे भित्र यस न.पा.को खाता नं (Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138) मा रू.३०००/ (फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर निवेदन साथ पेश गरि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

➢ कबोल गरेको अंक (मु.अ.कर समेत)को ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम हिमालयन बैंकमा रहेको यस न.पा.को धरौटी खाता नं (SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C NO:- 26856389230178) मा जम्मा गरी सो को सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम म्याद देखि १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड सेक्युरिटिरबण्ड पेश गर्नुपर्नेछ ।

➢ बोलपत्रदाताले यस न.पा. बाट बोलपत्र सम्बन्धी कागजातहरु खरिद गरी पेश गर्ने सम्पुर्ण कागजातहरु प्रत्येक पानामा सहीछाप तथा प्रमाणित गरी सूचना प्रकाशन भएको मितिले २२ औं (मिति २०८३/०६/०८ गते) दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा पेश गर्नु पर्नेछ । सोही दिनको २:०० बजे प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।

डि.स.का. द.नं. २१५८/०६५/६६

**हसना भास्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**
**च.न.पा.-१२, बलम्बु(भास्तिपुर), काठमाडौं**

NEFSCUN

लि.सू.नं. ०३/०८३/८४

## अचल सम्पति लिलाम सम्बन्धि ७ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८३/०५/१८ (तेस्रो पटक)


तपशिलमा उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट उपभोग गर्नुभएको ऋणकर्जा साँवा, व्याज र हर्जाना रकम तिर्न बुझाउनु पर्नेमा नबुझाई संस्थासँग भए गरेको कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा साथै मिति २०८० साल कात्तिक १ गते राष्ट्रिय दैनिक पत्रिका नयाँ पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ (पैंतिस) दिने सार्वजनिक सूचना, मिति २०८० साल माघ १० गते राष्ट्रिय दैनिक पत्रिका नयाँ पत्रिकामा कर्जा चुक्ता गर्ने बारे २१ (एकाईस) दिने सार्वजनिक सूचना र पहिलो पटक मिति २०८१ साल जेठ २५ गते राष्ट्रिय दैनिक पत्रिका नयाँ पत्रिकामा ३५ (पैंतिस) दिने अचल सम्पति लिलाम सम्बन्धि सार्वजनिक सूचना र पुन: दोस्रो पटक मिति २०८२ साल जेठ २३ गते राष्ट्रिय दैनिक पत्रिका प्रभाव दैनिकमा १५ (पन्ध्र) दिने अचल सम्पति लिलाम सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, व्याज, हर्जाना तथा अन्य दै-दस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले संस्थालाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा संस्थाको नियम तथा प्रचलित ऐन, कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रि गरी संस्थाको लेना रकम असुल उपर गर्ने उदेश्यले पुन: तेस्रो पटक यो ७ (सात) दिने लिलाम बिक्रि सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पति लिलाम बिक्रिमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रिमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम धितो सुरक्षण सम्पती यस संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्रि गर्दा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्रि भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा संस्था आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रिबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लि. को कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सुचित गराईन्छ ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ साल भदौ २४ गते
शिलबन्दी खोल्ने मिति र समय : २०८३ साल भदौ २५ गते दिनको १:०० बजे (सो दिन बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन)
शिलबन्दी खोल्ने स्थान : संस्थाको सम्पर्क कार्यालय, चन्द्रागिरि न.पा. वडा नं. १२, हाईवे, बलम्बु, काठमाडौं

**तपशिल:**


**ऋणीको तीन पुस्ते विवरण र फोटो**

नाम : उत्तम प्रसाद सेढाई — स.नं. : ०१-०२४१
स्था. ठेगाना : खरेलथोक-२, काभ्रे
अ. ठेगाना : चन्द्रागिरि-९, काठमाडौं
ना.प्र.नं. : १६२३
बुबाको नाम : विष्णु प्रसाद सेढाई
बाजेको नाम : जागेश्वर सेढाई



**धितो बन्धकीको तीन पुस्ते विवरण र फोटो**

नाम : पुतली सेढाई — स.नं. : ०१-०२४३
स्था. ठेगाना : खरेलथोक-२, काभ्रे
अ. ठेगाना : चन्द्रागिरि-९, काठमाडौं
ना.प्र.नं. : ३/७२२
पतिको नाम : विष्णु प्रसाद सेढाई
ससुराको नाम : जागेश्वर सेढाई



**धितो सुरक्षण राखिएको सम्पति र सुरक्षणधनीको विवरण :**

श्री जागेश्वर सेढाईको बुहारी, श्री विष्णु प्रसाद सेढाईको श्रीमति काभ्रे जिल्ला खरेलथोक-२ भई हाल काठमाडौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं. ९ ठेगाना भएको श्री पुतली सेढाईको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला मच्छेगाँउ गा.वि.स. वडा नं. १ को किता नं. ४७६ को क्षेत्रफल ०-२-२-० (७९.४९ व.मि) को जग्गा र सो जग्गमा बनेको घर समेत ।

**बोलपत्र दाताको लागि शर्तहरु :**

१. बोलपत्र फारम संस्थाबाट रु. १०००/- (एक हजार मात्र फिर्ता नहुने गरि) बुझाई प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र दाताले आफुले कबोल गर्ने दररेट र कुल मूल्यलाई अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदि उल्लेखित अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ ।
३. आफुले कबोल गरेको कुल रकमको न्यूनतम १० प्रतिशतले हुने रकम माछापुच्छ्रे बैंक लि. सतुंगल शाखामा रहेको यस संस्थाको खाता नं. १६०००९१९७०४०००१२ मा धरौटी रकम जम्मा गरि सक्कल बैंक भौचर बोलपत्रका साथ शिलबन्दी गरि पेश गर्नुपर्ने छ ।
४. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा सो पछि लगतै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ । संस्थामा प्राप्त भएका शिलबन्दी बोलपत्रहरु खोलिने दिनमा बोलपत्रदाता र निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
५. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिनभित्र धरौटी बाहेकको बाँकी रकम यस सहकारीमा जम्मा गर्नुपर्नेछ र उक्त अवधि भित्र रकम जम्मा नगरेमा धरौटी बापट राखेको रकम सहकारीले जफट गर्न सक्ने छ ।
६. तोकिएको म्याद भित्र प्राप्त नभएका र रीत नपुगेका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
७. स्वीकृत बोलपत्र दाताले नामसारी, दाखिला खारेज आदि गर्दा लाग्ने दस्तुर साथै घरजग्गा कर, मालपोत, घरबाटो साथै अन्य खर्चहरु आदि बोलपत्र दाता स्वयम्ले व्यहोर्नु पर्नेछ ।
८. बोलपत्र सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहित रहने छ ।
९. लिलाम गर्ने भनिएको उक्त सम्पति कसैले सकार नगरेमा प्रचलित ऐन, कानूनले दिएको अधिकार प्रयोग गरि यस सहकारी संस्था आफैले सकार गरी सो को स्वमित्व लिन वा पुनः लिलाम प्रक्रियामा जान सक्नेछ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २९७३०० | प्रति तोला – ० | प्रति तोला – ४७८० |

## विपद्पीडित ग्राहकका लागि बैंकिङ सेवा थप सहज बनाउन निर्देशन

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल राष्ट्र बैंकले हालै भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित भई बैंकिङ कारोबारका लागि आवश्यक चेक, कार्ड, मोबाइल तथा अन्य कागजात गुमाएका ग्राहकलाई सहज रूपमा वित्तीय सेवा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ ।

राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागले एक सूचना जारी गर्दै बैंक तथा वित्तीय संस्थालाई विपद्पीडित ग्राहकको पहिचान यकीन गरी आवश्यक सहयोग र सहजीकरण गर्न भनेको हो ।

प्राकृतिक विपद्का कारण बैंकिङ कारोबारका लागि आवश्यक कागजात तथा सामग्री गुमाएका ग्राहकले सेवा प्राप्त गर्न कठिनाइ भोग्नु नपरोस् भन्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको राष्ट्र बैंकले जनाएको छ । सूचनाअनुसार बैंक तथा वित्तीय संस्थाले आफ्ना अभिलेखमा रहेको ग्राहकको हस्ताक्षर नमुना, फोटो तथा अन्य विवरणका आधारमा ग्राहकको पहिचान यकीन गर्न सक्नेछन् । त्यसका आधारमा विषम परिस्थितिमा ग्राहकलाई आवश्यक बैंकिङ तथा वित्तीय सेवा उपलब्ध गराउन सहजीकरण गर्न राष्ट्र बैंकले निर्देशन दिएको छ ।

बाढी तथा अन्य प्राकृतिक विपद्का कारण प्रभावित क्षेत्रमा धेरै नागरिकले व्यक्तिगत कागजात, बैंकिङ सामग्री तथा मोबाइल उपकरण गुमाएको अवस्थामा राष्ट्र बैंकको यो निर्देशनले प्रभावित ग्राहकको वित्तीय सेवामा पहुँच सहज हुने अपेक्षा गरिएको छ ।

## ‘पर्यटन क्षेत्रमा ५० अर्बभन्दा बढी क्षति’

■ प्रभाव संवाददाता



**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले रसुवा बाढीबाट पर्यटन क्षेत्रमा रु ५० अर्बभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान रहेको बताएका छन् ।

प्रतिनिधिसभा अन्तर्गतको अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बुधबारको बैठकमा भएको रसुवा बाढीका कारण पर्यटन क्षेत्रमा परेको प्रभावबारेको छलफलमा उनले पर्यटन व्यवसाय र पूर्वाधारको क्षति र भविष्यमा पार्न सक्ने आर्थिक असर समेतका आधारमा उक्त अनुमान गरिएको बताए । मन्त्री पौडेलका अनुसार बाढीपहिरोबाट १४२ वटा होटल, ५७ वटा रेस्टुरेन्ट तथा पर्यटन व्यवसायसँग सम्बन्धित १४१ वटा सवारीसाधन क्षति भएको छ । त्यस क्षेत्रका विभिन्न महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक सम्पदामा पनि क्षति पुगेको छ ।

लाङटाङ, गोसाइँकुण्ड, पार्वतीकुण्ड र नाथली पदमार्गमा क्षति पुगेकाले वैकल्पिक बाटो खोज्नुपर्ने अवस्था सिर्जना रहेको उनले बताए । प्रभावित क्षेत्रलाई मन्त्रालयमार्फत ‘क्लाइमेट हेरिटेज’का रूपमा विकास गर्ने योजना अघि बढाइएको जानकारी दिँदै मन्त्री पौडेलले त्यस क्षेत्रमा संग्रहालय, स्मारक, पार्क वा अन्य संरचना निर्माण गर्ने विषयमा सरोकारवालासँगको छलफलका आधारमा निर्णय गरिने बताए ।

जलवायु परिवर्तनका कारण नेपालले ठूलो विपत्ति भोग्नुपरेको उल्लेख गर्दै मन्त्री पौडेलले नेपालले नगरेको गल्तीको असर नेपालीले भोग्नुपरेको बताए । उनले जलवायु परिवर्तनबाट प्रभावित नेपाललाई अन्तरराष्ट्रिय समुदायले आवश्यक सहयोग र प्रविधि उपलब्ध गराउनुपर्नेमा जोड दिए ।

मन्त्री पौडेलले हिमाली क्षेत्रमा रहेका हिमताल र हिमनदीको जोखिमलाई ध्यानमा राख्दै विपद् आउनुअघि सूचना दिन सक्ने आधुनिक प्रविधिको आवश्यकता रहेको बताए । उनले विश्वका विभिन्न मुलुकमा प्रयोग भइरहेका यस्ता प्रविधि नेपालमा उपलब्ध गराउन अन्तर्राष्ट्रिय समुदायसँग पहल गरिनेछ भने । बाढीपहिरोका क्रममा उद्धार तथा राहतमा नेपाली हवाई कम्पनी र हेलिकप्टर व्यवसायीले महत्वपूर्ण योगदान बताउँदै उनले त्यसलाई राष्ट्रप्रतिको महत्वपूर्ण योगदानका रूपमा हेरिनेछ भने ।

मन्त्री पौडेलले पोखरा, चितवन र काठमाडौंलगायतका स्थानका होटल व्यवसायीले प्रभावितलाई निःशुल्क बस्न र खान दिने व्यवस्था गरेकामा धन्यवाद ज्ञापन गरे । उनले रसुवा बाढीमा के-कति विदेशी पर्यटक बेपत्ता भएको भन्ने विषय अन्तिम तथ्यांक आएपछि यकिन हुने बताए ।

सरकारले प्रभावित पर्यटक तथा उनीहरूका परिवारलाई सहजीकरण गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा आवश्यक अन्य स्थानमा ‘डेस्क’ स्थापनाको प्रक्रिया अघि बढेको बताउँदै मन्त्री पौडेलले विभिन्न मन्त्रालय र दूतावाससँग यस विषयमा समन्वय भइरहेको जानकारी दिए । मन्त्री पौडेलले विपद्का कारण नेपालको पर्यटन क्षेत्रमा नकारात्मक सन्देश जान नदिन अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी सञ्चार आवश्यक रहेको बताए । उनले अन्तर्राष्ट्रियस्तरमा पहुँच भएका जोसुकै व्यक्तिलाई पनि नेपाल सुरक्षित रहेको र नेपालको पर्यटन उद्योग पर्यटकलाई स्वागत गर्न तयार रहेको सन्देश विश्वभर पुऱ्याउन सुझाव दिए ।

‘प्राकृतिक विपत्ति संसारका जुनसुकै ठाउँमा हुन सक्छ । यसले नेपालको पर्यटन उद्योगलाई भत्काउन सक्दैन । हामी अझै उभिएका छौँ र पर्यटकलाई स्वागत गर्न तयार छौँ’, उनले भने । मन्त्री पौडेलले जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको पीडाबारे विश्व समुदायलाई जानकारी गराउनुपर्ने र अर्कोतर्फ नेपाल पर्यटनका लागि सुरक्षित र खुला रहेको सन्देश दिनुपर्ने आवश्यकता औंल्याए ।

पर्यटन क्षेत्रमा कार्यरत श्रमिकसँग सम्बन्धित कल्याणकारी कोषलाई परिचालन गर्ने निर्णयसमेत गरिएको बताउँदै उनले बाढीमा परी बेपत्ता भएका व्यक्तिको यकिन नहुँदा बीमा दाबीमा आउन सक्ने जटिलताबारे अर्थ मन्त्रालयसँग समन्वय भइरहेको जानकारी दिए ।

राष्ट्रिय विपत्तिका बेला राजनीतिकभन्दा माथि उठेर नेपाली समाज एकताबद्ध हुने गरेको उल्लेख गर्दै उनले यसपटक पनि उद्धार र राहतका काममा त्यही सामाजिक एकता देखिएको बताए ।

## बाढीग्रस्त क्षेत्रमा टेलिकमको सेवा सञ्चालन

**काठमाडौं (प्रस)–** नेपाल टेलिकमले बाढी प्रभावित जिल्लामा मोबाइल बिटिएस साइट सञ्चालन गरी प्रभावित सबै स्थानमा पूर्ण रूपमा नेटवर्क पहुँच कायम गरेको छ ।

यही गत भदौ १० गते आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा नेपाल टेलिकमका टावरबाट प्रदान गरिएको मोबाइल तथा इन्टरनेट सेवा अवरुद्ध भएको थियो । नेपाल टेलिकमका प्राविधिकहरू निरन्तर रूपमा बाढी प्रभावित क्षेत्र तथा विपद् प्रतिकार्य कक्षमार्फत सेवा पुनःसञ्चालन कार्यमा खटिएपश्चात् साइटहरू पुनःसञ्चालनमा आएको प्रवक्ता डा. कमल लामिछानेले जानकारी दिए ।

सो कार्यका लागि बाढीले सडक तथा विद्युत् अवरुद्ध भएका स्थानमा सुरक्षा निकायको समन्वयमा हेलिकप्टरमार्फत प्राविधकसहित सामान, उपकरण, जेनेरेटर तथा इन्धन ढुवानी गराइ सेवा पुनःसञ्चालन गरिएको थियो । यही भदौ १७ गते नेपाल-चीन सिमाना नजिक रहेको कम्पनीको रसुवा बोर्डर मोबाइल साइट सञ्चालनमा आएसँगै बाढी प्रभावित क्षेत्रमा सञ्चालित राहत र उद्धार कार्य सञ्चालन भएका सबै स्थानमा सञ्चार सेवाको पहुँच पुगेको थियो ।

बाढीका कारण नेपाल टेलिकमका रसुवा, नुवाकोट र धादिङ जिल्लाका १२० साइटमार्फत सञ्चालित सेवामध्ये ८३ साइटमार्फत सञ्चालित सेवा अवरुद्ध भएका थिए भने तीन वटा साइटहरू टिमुरे, चिलिमे खोला र त्रिशूली ३‘बी’ साइट पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए ।

नेपाल टेलिकमले यही भदौ १६ मा बाढीबाट प्रभावित धादिङको कल्लेरी र नुवाकोटको भद्रटार थाप्रेक, पुसनटार, तारुका, किस्पाङ (भाल्चे) र बुधसिंह साइट सञ्चालन गरेसँगै नेपाल टेलिकमका सबै साइटहरू सञ्चालन भएका छन् तथा पूर्ण रूपमा क्षतिग्रस्त भएका साइटबाट उपलब्ध सेवा हाल अन्य साइटबाट उपलब्ध गराइएका छन् । मोबाइल सेवाको थप प्रभावकारिताका लागि उक्त क्षतिग्रस्त साइटलाई प्राथमिकतामा राखी पुनःनिर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

## कर्पोरेट

### ग्लोबल आइएमईका सेयरधनीलाई १० प्रतिशत लाभांश प्रस्ताव




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले गत आर्थिक वर्ष २०८२/८३ को वितरणयोग्य मुनाफाबाट सेयरधनीलाई १० प्रतिशत लाभांश दिने प्रस्ताव गरेको छ, सोमध्ये करसहित ६ प्रतिशत नगद लाभांश र ४ प्रतिशत बोनस सेयर रहेको छ ।

बैंकको बुधबार बसेको संचालक समितिको बैठकले उक्त प्रस्ताव गरेको हो, प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकबाट स्विकृत भई बैंकको आउँदो साधारणसभाबाट पारित भएपछि सेयरधनीलाई वितरण गरिने छ ।

विगत लामो समयदेखि आधुनिक प्रविधि र उत्कृष्ट ग्राहक सेवाका कारण विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधामा सम्मानित हुँदै आएको ग्लोबल आइएमई बैंकले ‘बैंक अफ द इयर २०१४’, ‘बेष्ट इन्टरनेट बैंक २०१६’, तथा सन् २०२४, २०२५ र २०२६ मा लगातार ‘बेष्ट बैंक नेपाल’ को उपाधि प्राप्त गरिसकेको छ । यस्तै बैंकले युरोमनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४ र बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित पुरस्कारहरू समेत प्राप्त गरेको छ । ग्लोबल आइएमई बैंक मुलुकको ७७ वटै जिल्लामा शाखा सञ्जाल विस्तार गर्ने निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।

### किसान सहकारी र ओम कृष्ण अस्पतालबीच सम्झौता

**लम्की (प्रस)–** कैलालीको लम्कीचुहा नगरपालिका-१ मा मुख्य कार्यालय रहेको किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र टीकापुर नगरपालिका-१ स्थित ओम कृष्ण अस्पताल तथा रिसर्च सेन्टर प्रालिबीच स्वास्थ्य सेवा तथा सहुलियत प्रदान सम्बन्धी द्विपक्षीय सम्झौता सम्पन्न भएको छ ।

‘स्वस्थ सदस्य, समृद्ध समुदाय’ भन्ने अभिप्रायका साथ बुधबार आयोजित एक विशेष समारोहका बीच उक्त सम्झौता-पत्रमा औपचारिक हस्ताक्षर गरिएको हो । यस सम्झौतासँगै कैलालीको लम्कीचुहा र टीकापुर नगरपालिका, जानकी र जोशीपुर गाउँपालिका तथा बर्दियाको राजापुर नगरपालिका क्षेत्रमा बसोबास गर्ने सहकारीका २३ हजारभन्दा बढी सेयर सदस्य तथा उनीहरूका एकाघरका आश्रित परिवारजन प्रत्यक्ष रूपमा लाभान्वित हुने भएका छन् ।




सम्झौता अनुसार सहकारीका सदस्य तथा उनीहरूका एकाघरका परिवारले ओमकृष्ण अस्पतालबाट सेवा लिँदा न्यूनतम १० देखि अधिकतम २० प्रतिशतसम्म विशेष छुट प्राप्त गर्नेछन् । अस्पतालले बिरामी भर्ना (जनरल बेड तथा क्याबिन), आइसियू, एनआइसियू, विभिन्न प्रकारका जटिल तथा सामान्य शल्यक्रिया (अपरेशन), ल्याब परीक्षण, भिडियो एक्सरे, एक्सरे तथा अस्पतालको आफ्नै फार्मेसीबाट औषधि खरिद गर्दा तोकिएको सहुलियत छुट उपलब्ध गराउनेछ । यसैगरी ओपिडी दर्ता तथा एमबिबिएस चिकित्सक परामर्श शुल्क अधिकतम रु १५० मात्र कायम गरिएको छ भने नियमित फलो-अप परामर्श पूर्ण रूपमा निःशुल्क रहने व्यवस्था मिलाइएको छ । यो सहुलियत सुविधा उपभोग गर्नका लागि सेवाग्राहीले अस्पतालको शुल्क भुक्तानी गर्नु अघि किसान सहकारीले जारी गरेको आधिकारिक सेयर सदस्य परिचयपत्र वा सम्बन्धित शाखा कार्यालयको सिफारिस पत्र पेस गर्नुपर्नेछ ।

## एनसेलको एक मोबाइल टावर र ६० किमीभन्दा बढी अप्टिकल फाइबर पूर्णरूपमा नष्ट

**काठमाडौं (प्रस)–** भदौ १० गतेको विनाशकारी भोटेकोशी बाढीले एनसेलको टिमुरे, रसुवामा रहेको एक वटा मोबाइल टावरका साथै ६० किमि भन्दाबढी अप्टिकल फाइवर लाइनमा पुर्णरूपमा क्षति पुऱ्याएको छ । प्रारम्भिक आंकलन अनुसार, यो क्षतिका कारण कम्पनीलाई ९ करोड बढीको आर्थिक नोक्सानी भएको एनसेलले दाबी गरेको छ ।

कम्पनीले रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनका प्रभावित क्षेत्रका ग्राहकलाई लक्षित गरी बुधबारदेखि निःशुल्क भ्वाइस, डेटा र एसएमएस सेवा उपलब्ध गराउँदै आएको छ । एनसेलले उपलब्ध गराउँदै आएको निःशुल्क दूरसञ्चार सेवाको लाभ ३ लाख भन्दाबढी प्रभावित क्षेत्रका ग्राहकहरूले पाउँदै आएको पनि जनाइएको छ ।




एनसेसलले बाढी आउनुअघिको सात दिनमा प्रभावित क्षेत्रमा सक्रिय रहेका ग्राहकहरू निःशुल्क सेवाका लागि योग्य हुने व्यवस्था गरिएको छ । कम्पनीले सुरुमा गत बुधबारदेखि तीन दिनका लागि निःशुल्क सेवा उपलब्ध गराएको थियो भने पछि सेवा अवधि शनिबारदेखि थप सात दिनका लागि बढाएको थियो ।

कम्पनीका अनुसार ग्राहकहरूले प्रयोग गरेको निःशुल्क भ्वाइस, डेटा र एसएमएस सेवाको मूल्य सोमबारसम्ममा रु. १ करोड २० लाख भन्दा बढी पुगिसकेको थियो । अहिले डाउन रहेका मोबाइल टावरको संख्या घटेसँगै निःशुल्क सेवाको प्रयोग पनि बढ्दै गएको कम्पनीले जनाएको छ ।

विपद्का कारण आएको बाढी तथा पहिरोले फाइबर लिंकमा क्षति पुऱ्याउँदा नुवाकोट, रसुवा र धादिङमा एनसेलका २७ वटा टावर प्रभावित भएका थिए । कम्पनीले २७ मध्ये २४ वटा साइट पुनः सञ्चालनमा ल्याइसकेको छ । बाँकी तीनमध्ये रसुवाको घट्टेखोला, टिमुरेको एक वटा पूर्ण रूपमा क्षति भएको छ भने नुवाकोटको त्रिशूली, बिदुरस्थित रहेको एउटा टावर र तिरु, रसुवाको टावर पुनः संचालनमा ल्याउन प्राविधिकहरू फिल्डमा खटाई आवश्यक काम भईरहेको छ ।

यसैबीच, संकटको समयमा ग्राहकहरू निरन्तर सम्पर्कमा रहन सकून् भन्ने उद्देश्यले एनसेलले २५ हजार भन्दाबढी ग्राहकहरूलाई कुनै कारणले ब्यालेन्स टपअपनगरेका कारण एकतर्फी सेवा रोकिएको वा आउटगोइङ् र इनकमिङ् दुवै सेवा बन्द अवस्थामा रहेका सिमहरूलाई समेत सेवाहरू पुनः सक्रिय गरिदिएको जनाएको छ । यसले थुप्रै ग्राहकहरूलाई अहिलेको आपतकालीन अवस्थामा सञ्चार सेवा सहज बनेको छ । यी ग्राहकहरूले पनि एनसेलले उपलब्ध गराइरहेको निःशुल्क सेवाको सुविधा पाएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ